का.जि.प्र.का.द.नं. १००/०५९/६०
३ मंसिर २०८२
बुधबार
19 November 2025
Wednesday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक २७९ । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com

# विवादको घेरामा अन्तरिम सरकार

- *उर्जामन्त्री कुलमानद्धारा ४३ करोडको नोक्सानी हुनेगरी गरिएको विद्युत् सम्झौता*
- *महान्यायाधिवक्ता सविता भण्डारीले स्वार्थ बाँझिनेगरी डिम्ब तस्करीमा 'होप फर्टिलिटी'लाई दिएको उन्मुक्ति*
- *डोल्मा इम्प्याक्ट फन्डलाई कर छुट र युरो श्रीका सवारीसाधन आयात गर्न दिने अर्थमन्त्रीको निर्णय*
- *राजदूत फिर्ता बोलाउने र भूमि आयोग खारेज गर्ने सरकारको निर्णयमा अदालतको अन्तरिम आदेश*



"भ्रष्टाचार स्वार्थको द्वन्द्व पनि हो । महान्यायाधिवक्तासँग जोडिएर आएको घटनामा स्वार्थको द्वन्द्व देखिन्छ । मन्त्रीहरूसँग जोडिएर बाहिरिएका घटनाले राम्रो सन्देश दिएको छैन ।"

● **डा. दीपेश घिमिरे**
**सुशासन विज्ञ**



"जेनजीको बलिदानी केवल सरकार परिवर्तन र चुनाव गराउने मात्रै होइन । विवादित निर्णय गर्नु गलत छन् । यो सरकारले बुझेर काम गर्नुपर्छ ।"

● **खेमराज साउद**
**जेनजी नेता**



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २ मंसिर

भ्रष्टाचारविरोधी आन्दोलनको जगमा बनेको सुशीला कार्की नेतृत्वको अन्तरिम सरकार एकपछि अर्को विवादमा पर्न थालेको छ । प्रतिनिधि सभाको निर्वाचन गराउने र मुलुकमा सुशासन कायम राख्ने मुख्य सर्तसहित ६ महिनाका लागि बनेको सरकारका मन्त्रीहरू एकपछि अर्को विवादास्पद निर्णयमा मुछिएका छन् ।

७३ वर्षीया पूर्वप्रधानन्यायाधीश कार्कीलाई जेनजीले अभिभावक मानेर देशको शासन सत्ता सम्हाल्ने जिम्मेवारीमा पुर्‍याएका हुन् । भदौ २७ गते प्रधानमन्त्रीमा नियुक्त भएकी उनले अहिलेसम्म मन्त्रिपरिषदलाई पूर्णता समेत दिन सकेकी छैनन् । उनको काँधमा अझै पृष्ठ २ मा



# कीर्तिमानी रन उत्साहित दर्शक

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ मंसिर

सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल)मा विराटनगर किंग्स र चितवन राइनोजले विजयी सुरुवात गरेका छन् । मंगलबार कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा भएको पहिलो खेलमा कर्णाली याक्सलाई चार विकेटले पराजित गर्दै चितवन तथा पोखरा एभेन्जर्सलाई ५३ रनले पराजित गर्दै विराटनगरले प्रतियोगितामा सुखद् सुरुवात गरेका हुन् ।

विराटनगरले प्रतियोगिताको इतिहासमै उच्च योगफल बनाउँदै एनपिएलमा रौनकता थप्यो । पोखराविरुद्ध पहिले ब्याटिङ गरेको विराटनगरले २२० रनको योगफल बनायो । जुन एनपिएलको इतिहासमै उच्च स्कोर हो । २२१ रनको कीर्तिमानी लक्ष्य पछ्याएको पोखरा १६७ रनमै अलआउट भयो । खेलाडीको उच्च प्रदर्शन, कीर्तिमानी रन र दर्शकको उत्साहले एनपिएलको रौनक नै बढाएको छ ।

विस्तृत समाचार पृष्ठ ७ मा




## घटेन क्रेडिट रेटिङ

# जाग्यो लगानीको आशा






"लगानीकर्तामा आत्मविश्वास गुमेका बेलामा स्थिर रेटिङले ऊर्जा प्रदान गर्छ । यसले विदेशी लगानीकर्तालाई अझै पनि कम रिक्स रहेको सन्देश जान्छ ।"

■ **कमलेश अग्रवाल**
**अध्यक्ष, नेपाल चेम्बर अफ कमर्स**



"नयाँ सरकारले अपनाएको वित्तीय अनुशासन, राजस्व व्यवस्थापनमा सुधार, खर्च प्राथमिकता निर्धारणजस्ता नीतिले अन्तर्राष्ट्रिय समुदायमा नेपालको विश्वास देखिन्छ ।"

■ **टंकप्रसाद पाण्डेय**
**प्रवक्ता, अर्थ मन्त्रालय**

**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं, २ मंसिर

जेनजी आन्दोलनपछि लगानीकर्तामा मनोबल घटिरहेको अवस्थामा अन्तर्राष्ट्रिय क्रेडिट रेटिङ संस्था फिच रेटिङ्सले नेपालमा लगानीको वातावरण स्थिर रहेको देखाएको छ । दुई महिनाअघि भएको आन्दोलनले लगानीको वातावरण बिग्रिने चिन्ता थपिएको अवस्थामा क्रेडिट रेटिङ स्थिर हुँदा अन्तर्राष्ट्रिय लगानीकर्तामा लगानीको आशा जागाउन सक्ने देखिएको छ । नेपालले सन् २०२५ का लागि अन्तर्राष्ट्रिय क्रेडिट रेटिङ संस्था फिच रेटिङ्सबाट 'डबल बी माइनस' प्राप्त गरेको छ । गत वर्ष नेपालले पहिलोपटक भएको सार्वभौम रेटिङमा 'डबलबी माइनस' रेटिङ पाएको थियो । नेपालमा बढ्दो विदेशी सञ्चिति, कम वैदेशिक ऋण, लगानीको क्षेत्रमा देखिएको सम्भावनालगायत कारणले नेपालको रेटिङ बलियो देखिएको हो ।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश कुमार अग्रवालले गत वर्ष जस्तै अहिले पनि 'डबल बी माइनस' आउनु नेपालका लागि राम्रो भएको बताउँछन् । 'लगानीकर्तामा आत्मविश्वास गुमेका बेलामा यो रेटिङले ऊर्जा प्रदान गर्छ । यसले विदेशी लगानीकर्तालाई लगानीको रिक्स कम रहेको सन्देश विश्वभर जान्छ,' उनले भने ।

फिच रेटिङले पछिल्ला महिनामा देखिएका सामाजिक-राजनीतिक चुनौती, वर्षाजन्य प्राकृतिक विपत्ति र विश्वव्यापी आर्थिक सुस्तताजस्ता परिस्थितिका बाबजुद पनि समष्टिगत आर्थिक स्थायित्व पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## एम्नेस्टीको प्रतिवेदन

# रियाद मेट्रोमा काम गर्ने नेपालीसहित आप्रवासीमाथि दशकौंदेखि दुर्व्यवहार



**मध्यान्ह संवाददाता**
साउदी अरेबिया, २ मंसिर

रियाद मेट्रो प्रणालीमा काम गर्ने नेपालीसहित आप्रवासी कामदारहरू दशकौंसम्म विनाशकारी दुर्व्यवहारको शिकार भएको एम्नेस्टी इन्टरनेसनलले दाबी गरेको छ ।

मंगलबार एक अनुसन्धान प्रतिवेदन सार्वजनिक गर्दै एम्नेस्टी इन्टरनेसनलले रियाद मेट्रो परियोजनामा काम गर्न साउदी अरेबिया गएका आप्रवासी कामदारहरूलाई अत्यधिक भर्ना शुल्क तिर्न बाध्य पारिएको जिकिर गर्दै उनीहरूलाई खतरनाक गर्मीमा काममा लगाइएको, पुरै एक दशक गम्भीर दुर्व्यवहार गरी तलबसमेत अत्यन्तै न्यूनतम दिइएको बताएको छ ।

रियादको सार्वजनिक यातायात प्रणालीको 'मेरुदण्ड'को रूपमा प्रचारित, भर्खरै खोलिएको मेट्रो साउदी सरकारी पृष्ठ २ मा

## राहदानी बनाइदिने भन्दै बिचौलियाको काम गर्ने आठ पक्राउ

**काठमाडौं/रासस**– प्रहरीले छिटोछरितो राहदानी बनाइदिने भन्दै बिचौलियाको काम गर्ने र दुःख दिने गरेको अभियोगमा आठ जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा पाँचथर फाल्गुनन्द गाउँपालिका-४ का २६ वर्षीय सञ्जय आङ्देम्बे, काठमाडौं, शंखरापुर-६ का ३२ वर्षीय ख्यामबहादुर श्रेष्ठ, सिन्धुपाल्चोक चौतारा साँगाचोकगढी नगरपालिका-३ का २५ वर्षीय प्रेमबहादुर लामा, सोही ठाउँकी १८ वर्षीय भगवान पृष्ठ २ मा

**Vacancy Announcement**

We are seeking an exceptional individual with the highest standards of education, professional expertise, and international experience. for the position of:

Public Relation Officer (PRO) - 3 (Male/Female)
Minimum 2 years of Experienced in related Filed.
*Interested candidates send your CV to apply:*
eurocrossintl@gmail.com, info@eurocrosshr.com

EUROCROSS INTERNATIONAL PVT.LTD.
श्रम इजाजत नं. ९९५/०६८/०६९ एयरपोर्ट, काठमाडौं, नेपाल, Contact No: 9813287381

**TMS** Times Management System Pvt. Ltd. Recruiting Nepal...

**VACANCY ANNOUNCEMENT**

**Times Management System Pvt. Ltd.,** Bansbari, Kathmandu, (License No.: 944/067/68) a leading and government-licensed manpower company, is seeking qualified and motivated Applicants for the following positions:

**Available Positions & Requirements :**

**Secretary - 1 (Female)** — Salary : 50,000/- to 75,000/-
- Age : Minimum 25 years old
- Minimum Bachelor's Degree with 3 years of relevant experience
- Excellent communication skills in both English & Nepali
- Must be smart & good looking

**Executive Manager - 1 (Male or Female)** — Salary : 75,000/- to 85,000/-
- Age : Minimum 25 years old
- Minimum Bachelor's Degree with 3 years of relevant experience
- Proven leadership and team management experience
- Strategic planning and decision-making skills

**Business Development Manager (BDM) - 1 (Male or Female)** — Salary : 50,000/- + Incentives
- Age : Minimum 25 years old
- Minimum Bachelor's Degree with 3 years of relevant experience
- Strong networking skills
- Target-driven approach

**Marketing Manager - 1 (Male or Female)** — Salary : 50,000/- + Incentives
- Age : Minimum 25 years old
- Minimum Bachelor's Degree with 3 years of relevant experience
- Marketing strategy and campaign experience
- Digital and offline marketing knowledge
- Flexible for frequent travel, conducting marketing campaigns, and engaging in outdoor marketing activities

**Social Media Officer - 1 (Male or Female)** — Salary : 35,000/- to 45,000/-
- Minimum +2 or Bachelor's Degree with 2 years of relevant experience
- Social media management skills
- Content creation, graphic designing, photo-shop, and engagement tracking

**Documentation Executive - 2 (Male or Female)** — Salary : 40,000/- to 50,000/-
- Minimum Diploma or Bachelor's Degree with 3 years of relevant experience
- Experience in handling documents and records
- Accountable for correct handling and tracking of every document

**Interviewer - 1 (Female)** — Salary : 40,000/- to 50,000/-
- Minimum Bachelor's Degree
- Good communication and interpersonal skills
- Experience in candidate evaluation
- Must be smart & good looking

**Counselor - 2 (Male)** — Salary : 40,000/- + Incentives
- Minimum Bachelor's Degree with 2 years of relevant experience
- Strong interpersonal skills
- Experience in guidance and support
- Must be confident, respectful, and capable of building trust and comfort with applicants.

**Front Desk Officer - 1 (Female)** — Salary : 35,000/- to 45,000/-
- Minimum Bachelor's Degree with 3 years of relevant experience
- Professional communication skills
- Customer service experience
- Must be smart & good looking

**Receptionists - 2 (Female)** — Salary : 25,000/- to 35,000/-
- Minimum +2 or Bachelor's Degree with 1 year of relevant experience
- Polite and friendly attitude
- Basic computer knowledge
- Must be smart & good looking

**What We Offer:**
- Professional and supportive working environment
- Performance-based annual bonus
- Company-provided uniform
- Insurance coverage
- Overtime payment as per company policy
- Vehicle provided to staff based on performance and role

**What You Have To Offer:**
- Minimum 2-year contract with 3-month probation period
- Follow all company rules and regulations
- Professional conduct: punctual, disciplined, and trustworthy
- Ability to work in a team, maintain confidentiality, and adapt to company requirements
- Flexibility for work hours and travel as needed

**How to Apply:**
Email us at cv@tmsnepal.com.np with your Cover Letter and CV. Please use "Interested Position Application - [Your Name]" as the subject line.
For any queries Phone: 01-5906211 / 9802354881
Application Deadline: 5th December, 2025

Scan the QR Code to open our Career Page for complete job information

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

३ मंसिर २०८२ बुधबार
19 November 2025 Wednesday

**विवादको...**

सात मन्त्रालयको भारी छ । तीनवटासम्म मन्त्रालयको भार थोपरिँदा देखिनेगरी अरू मन्त्रीले पनि काम गर्न सकेका छैनन् । संक्रमणकालीन अवस्थामा भूराजनीतिक सन्तुलन मिलाएर चल्नुपर्ने सरकारले अहिलेसम्म परराष्ट्रमन्त्री नियुक्ति गर्न सकेको छैन । उल्टै शक्तिराष्ट्रबाट राजदूत फिर्ता बोलाएर कूटनीतिक सम्बन्ध कमजोर पारेको छ। चुनावी वातावरण निर्माणमा व्यस्त रहनुपर्ने प्रधानमन्त्री कार्की आफैंले परराष्ट्र मन्त्रालयको समेत जिम्मेवारी लिएकी छन् ।

कार्की क्याबिनेटका निर्णयहरू पनि विवादित छन् । मन्त्रिपरिषद्का कतिपय निर्णय विवादित बन्दा सर्वोच्चसम्म पुगेर अन्तरिम आदेशमार्फत रोकिने गरेका छन् । सरकारले गरेको राजदूत फिर्ता बोलाउने र भूमि आयोग खारेज गर्ने निर्णय कार्यान्वयन नगर्न सर्वोच्चले अन्तरिम आदेश जारी गरेको थियो।

सरकारले ११ राजदूतलाई असोज ३० गते फिर्ता बोलाउने निर्णय गरेको थियो । सो निर्णयविरुद्ध दायर भएको रिटमा सर्वोच्च अदालतले कात्तिक १६ मा सुनुवाइ गर्दै सरकारले निर्वाचनमा ध्यान केन्द्रित गर्नुपर्ने, दूरगामी महत्व र कूटनीतिक प्रभाव पर्ने निर्णय गर्न नमिल्ने अन्तरिम आदेश जारी गरेको थियो । त्यसको भोलिपल्ट सरकारले राजदूतहरूलाई मन्त्रालयमा हाजिर हुन पत्राचार गरेपछि यो विषय झनै विवादित बन्यो । यस विषयमा प्रधानमन्त्री कार्कीविरुद्ध अदालतको अवहेलना मुद्दा दर्ता भएको छ । अधिवक्ता प्रेम सिलवालले राजदूत फिर्ता बोलाउने निर्णय पालना नगरेको भन्दै दर्ता गरेको अवहेलना रिटको सुनुवाइ पेसी मंसिर ७ गतेका लागि तोकिएको छ ।

त्यस्तै, अर्थमन्त्री रामेश्वर खनालको पहलमा सरकारले मोरिससको सेल कम्पनीमार्फत नेपालमा लगानी गरेको डोल्मा इम्प्याक्ट फन्डलाई कर छुट र युरो थ्रीका सवारीसाधन आयात गर्न दिनेजस्ता विवादास्पद निर्णय गरेको छ। भलै, मुख्यसचिव एकनारायण अर्यालले निर्णय प्रमाणीकरण नगरेपछि रायका लागि कानुन मन्त्रालय पठाइएको छ। यी निर्णयले सरकारको सुशासनमाथि प्रश्न उठेको छ ।

जुन एजेन्डाको आधारमा नागरिक सरकार गठन गरिएको हो, त्यो सरकार दुई महिना बित्दा नबित्दै विवादस्पद निर्णय र गतिविधिमा मुछिनुले सकारात्मक सन्देश नदिएको सुशासन विज्ञ डा. दीपेश घिमिरेले बताए । 'भ्रष्टाचार भनेको स्वार्थको द्वन्द्व पनि हो,' उनले मध्यान्हसँग भने, 'महान्यायाधिवक्तासँग जोडिएर आएको घटनामा स्वार्थको द्वन्द्व देखियो। दुई महिनाको अवधिमै एकपछि अर्को गर्दै सरकार र मन्त्रीहरूका घटना जसरी बाहिरिएका छन् त्यसले राम्रो सन्देश दिएको छैन ।'

सुशासन कायम गर्ने कुरामा सबैभन्दा बढी प्रधानमन्त्रीको भूमिका हुने उनी बताउँछन्। तर त्यस्ता गतिविधिमा प्रधानमन्त्री कार्की मौन बस्नुले विगतका सरकारले गरेका गल्तीलाई नै दोहोऱ्याउन खोजेको जस्तो देखिएको घिमिरेको टिप्पणी छ ।

पछिल्लोपटक सरकारकै कानुनी सल्लाहकार (महान्यायाधिवक्ता) सविता भण्डारी डिम्ब तस्करीसम्बन्धी कसुरमा आफ्नै लगानीको कम्पनी 'होप फर्टिलिटी'लाई उन्मुक्ति दिलाएर विवादमा तानिएकी छन् । भण्डारी पहिलो महिला महान्यायाधिवक्ताका रूपमा २९ भदौमा नियुक्ति भएकी थिइन् । 'होप फर्टिलिटी'ले किशोरीहरूबाट डिम्ब निकालेर महँगोमा बेच्ने गरेको प्रहरी अनुसन्धानबाट पुष्टि हुँदाहुँदै महान्यायाधिवक्ताको कार्यालयले ३१ असोजमा मुद्दा नचलाउने निर्णय गरेपछि अहिले भण्डारीलाई हटाउन दबाब छ। बबरमहलस्थित 'होप फर्टिलिटी'मा भण्डारीको २३ प्रतिशत संस्थापक सेयर छ। प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)को अनुसन्धानमा तानिएकी होपकी प्रमुख डा. स्वस्ती शर्मा भण्डारीकी सानिमाकी छोरी रहेको पुष्टि भएको छ । भण्डारीले गरेको निर्णयमाथि प्रधानमन्त्री कार्कीको मौनताले सरकारको सुशासनप्रति गम्भीर प्रश्न उब्जाएको छ । चुनावी सरकारले भदौ २३ र २४ को घटनाको अनुसन्धानमा दोहोरो मापदण्ड अपनाएको छ भने भागेका कैदी र लुटिएका हतियार खोज्न सकेको छैन । यसबाट दलहरू चुनाव हुनेमा विश्वस्त छैनन्। यता जेनजीका अगुवासमेत सरकारको कार्यशैलीप्रति सन्तुष्ट देखिएका छैनन्। उनीहरूले जेनजीको बलिदानी केवल सरकार परिवर्तन र चुनाव गराउनकै लागि मात्रै नभएको बताए। जेनजी अगुवा खेमराज साउदले भने, 'सरकारले सुशासन कायम गर्ने र भ्रष्टाचारीमाथि अनुसन्धान तथा कारबाहीको म्यान्डेट पूरा गर्न सकेको छैन । जेनजीको बलिदानी केवल सरकार परिवर्तन र चुनाव गराउने मात्रै होइन । यो सरकारले त्यसलाई बुझ्नुपर्दछ ।'

सरकारका ऊर्जामन्त्री कुलमान घिसिङ र विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक मनोज सिलवालको लापर्बाहीका कारण भारतको कम्पनी पिटिसी इन्डियासँगको विद्युत् सम्झौतामा ४३ करोडको नोक्सानी भएको आरोप लागेको छ। जेनजी समूहलगायत नागरिकस्तरबाट पनि विद्युत् सम्झौता सार्वजनिक गर्न आवाज उठिरहेको छ। घिसिङ र ठुला उद्योगीबीच डेडिकेटेड र ट्रंक लाइनको महसुल विवाद चर्कंदा व्यवसायीहरु प्रधानमन्त्री गुहार्न बाध्य छन् । २६ उद्योगीहरूले प्रधानमन्त्रीलाई पत्र नै लेखेर नेपाल विद्युत् प्राधिकरणले उद्योग सञ्चालनका लागि विद्युत् प्रदान गरेको तथ्यको प्रमाण दिन माग गरेका छन् । ऊर्जामन्त्री घिसिङकै निर्देशनमा विद्युत् प्राधिकरणले सो तथ्यांकबिना नै व्यवसायीलाई बिल पठाएको छ। सो विषयमा उद्योगी व्यवसायीले प्रधानमन्त्री कार्कीलाई पत्र लेखेरै प्रणाम दिन चुनौती दिनुले सरकारको कमजोरी उदांगो भएको आमटिप्पणी भइरहेको छ । पछिल्लोपटक शिक्षामन्त्री महावीर पुनले मन्त्रालयमा आउने शिक्षासम्बन्धी विभिन्न मागलाई बेवास्ता गर्दै गैरजिम्मेवार ढंगबाट प्रस्तुत हुने गरेको भन्दै आलोचना भइरहेको छ ।

कार्की नेतृत्वको १० सदस्यीय मन्त्रिपरिषद्मा दुई मन्त्रीबाहेक अन्यले सम्पत्ति विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा बुझाएका छन् । तर, सार्वजनिक गरेका छैनन् । सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेल र स्वास्थ्य तथा जनसंख्यामन्त्री डा सुधा शर्मा गौतमले अहिलेसम्म सम्पत्ति विवरण बुझाएका छैनन् । प्रधानमन्त्री कार्कीसहित बाँकी मन्त्रीले प्रधानमन्त्रीको कार्यालयमा सम्पत्ति विवरण बुझाए पनि सार्वजनिक नगरिनुले सरकारको सुशासनमाथि प्रश्न उठेको सुशासन विज्ञ घिमिरे बताउँछन् ।

चुनावी सरकारका गृहमन्त्री ओमप्रकाश अर्यालका अभिव्यक्ति र गतिविधिप्रति राजनीतिक दलसहित जेनजी अगुवाहरू समेत आक्रोशित छन्। अर्यालले दलका नेताहरूलाई लक्षित गर्दै दिएका अभिव्यक्ति र पद सम्हालेपछि गरिरहेका गतिविधिले सरकार चुनाव गराउनभन्दा दलप्रति रिसइवी साँध्ने तरिकाले प्रस्तुत भइरहेको नेकपा एमालेका उपमहासचिव प्रदीप ज्ञवालीले बताए । अर्याललाई जेनजीकै अगुवा सुदन गुरुङले समेत जनभावनाअनुसार काम गर्न नसकेको भन्दै राजीनामा मागिसकेका छन् । 'हामी नेपाल'का संस्थापक गुरुङले हत्यारा र भ्रष्टाचारीलाई कारबाही नगरेको र जेनजीहरूलाई कारबाही गरेको भन्दै अर्यालको खरो आलोचना गरिरहेका छन् ।

उनले भनेका छन् 'शहीदको रगत सम्झनुहोस् । नेपाल र नेपालीको आशा र आँसु सम्झनुहोस् । काम गर्न नसके पद छोड्ने गर्नुभएको वाचा सम्झनुहोस् । अब तपाईंबाट आशा मरिसकेको छ ।' उनको यस्तो अभिव्यक्तिले गृहमन्त्री अर्याल जेनजीको नजरमा असफल भइसकेको देखाउँछ ।

**घटेन...**

स्थिर रहेको अर्थ मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेयको भनाइ छ । नयाँ सरकारले अपनाएको वित्तीय अनुशासन, राजस्व व्यवस्थापनमा सुधार, खर्च प्राथमिकता निर्धारण र रणनीतिक परियोजना अवरोधबिनै निरन्तरता दिने नीति अन्तर्राष्ट्रिय समुदायमा नेपालको विश्वास बलियो देखिएको अर्थ मन्त्रालयको भनाइ छ ।

आन्दोलपछि पनि नेपालको लगानीको सकारात्मक वातावरण रहेको सन्देशले वैदेशिक लगानी भित्र्याउन सहज बन्ने छ। यस्तै, अन्तर्राष्ट्रिय विकास साझेदारहरूसँग सहकार्य विस्तारका लागि समेत 'डबल बी माइनस'ले सहयोग पुग्न अपेक्षा गरिएको छ। रेटिङमा स्थितता आउँदा आगामी दिनमा ऊर्जा, पर्यटन, कृषि र आइटी क्षेत्रमा लगानी ल्याउन सहज हुने डा. दिलनाथ दंगाल बताउँछन् । उनले भने, 'अर्थतन्त्रमा दीर्घकालीन लगानी कन्ट्री रेटिङको महत्वपूर्ण भूमिका हुन्छ । तर समयमै निर्वाचनको हुन नसकेन भने रेटिङले मात्र नेपालमा लगानी आउने देखिँदैन ।'

क्रेडिट रेटिङका लागि फिच रेटिङ्सले ट्रिपल 'ए'लाई सबैभन्दा राम्रो र सबैभन्दा नराम्रो सी र डीसम्मको रेटिङमा राख्ने गरेको छ । बिबिबी माइनसदेखि माथिको रेटिङलाई लगानीका लागि राम्रो मानिन्छ। त्यसभन्दा सी र डी रेटिङलाई उच्च जोखिम मुलुकका रूपमा विश्लेषण गर्ने गरिएको छ ।

**रियाद...**

अन्तर्राष्ट्रिय फर्महरूद्वारा निर्माण गरिएको थियो ।

एम्नेस्टी इन्टरनेसनलले अन्तर्वार्ता लिएका धेरै कामदारहरूलाई छनोट तथा भर्ना अघि अवैध रूपमा शुल्क लिइएको र त्यसपछि न्यूनतम तलबमा लामो समयसम्म असुरक्षित अवस्थामा काममा लगाइएको बताइएको छ ।

प्रतिवेदनमा एम्नेस्टी इन्टरनेसनलका जलवायु, आर्थिक सामाजिक न्याय र कर्पोरेट जवाफदेहिताका लागि कार्यक्रम निर्देशक मार्ता स्काफले भनेकी छन्, 'रियाद मेट्रोलाई राजधानीको यातायात प्रणालीको मेरुदण्डको रूपमा प्रशंसा गरिन्छ, तर यसको चिल्लो बाहिरी भागमुनि आप्रवासी कामदारहरूको मानव अधिकारको बलिदान दिने दशकौंको दुर्व्यवहार लुकेको छ । पहिले नै अत्यधिक भर्ती शुल्कको बोझले थिचिएका यी कामदारहरूले थोरै ज्यालाको लागि घण्टौंसम्म दण्ड भोग्नुपरेको छ ।' प्रतिवेदनमा भनिएको छ, ' मानव-प्रेरित जलवायु परिवर्तनका कारण तापक्रम बढिरहेको साउदीमा अत्यधिक गर्मीको जोखिमले उनीहरूको कठिनाइ बढाएको थियो । प्रमुख पूर्वाधार परियोजनामा कम्पनीहरूमा वर्षौंसम्म यस्ता दुर्व्यवहारहरू जारी रहनुले सुरक्षा लागू गर्न र कामदारहरूलाई शोषणको उच्च जोखिममा राख्ने प्रणालीलाई भत्काउन सरकारको स्पष्ट असफलतालाई उजागर गर्दछ ।'

**घर छोड्नुभन्दा अगाडि नै शोषित**

एम्नेस्टी इन्टरनेसनलले सन् २०१४ र २०२५ को बीचमा रियाद मेट्रो प्रणाली निर्माण गर्ने मुख्य ठेकेदार, उपठेकेदार र श्रम आपूर्तिकर्तासहित विभिन्न विदेशी र साउदी कम्पनीहरूले रोजगारी दिएका बंगलादेश, भारत र नेपालका ३८ जना पुरुषहरूसँग कुरा गरेको बताएको छ । लगभग सबैले रोजगारीका लागि साउदी जानुभन्दा अगाडि नै शोषण सुरु भएको बताएका छन् । कामदारहरूले उनीहरूको देशका एजेन्टहरूले ७ सयदेखि ३ हजार ५ सय अमेरिकी डलर करिब ५ लाख रूपैयाँ तिर्न बाध्य पारेर ऋणमा डुबाएको बताएका छन् ।

प्रत्येक महिना २६६ अमेरिकी डलर अर्थात् ३७ हजार ८ सय बेसिक तलब पाउने कामका लागि एजेन्टलाई आफ्नी श्रीमतीको गहना बेच्न बाध्य पारिएको नेपाली कामदार सुमनको भनाइ छ ।

उनले भनेका छन्, 'मैले म्यानपावर एजेन्टलाई १ लाख रुपैयाँ तिरें । तर काठमाडौं आउने, स्वास्थ्य परीक्षण र अन्य कागजी कार्यको क्रममा मैले कुल २ लाख खर्च गरें । त्यतिबेला मसँग पैसा थिएन मैले मेरी श्रीमतीका आमाबाबुबाट केही सुन उधारो लिएर बेचें, सुनको मूल्य बढ्दै जाँदा, मैले त्यसको लगभग दोब्बर फिर्ता गरें । ऋण तिर्न मलाई ६ महिना लाग्यो ।'

साउदी अरबमा दुर्व्यवहारको सूची उपशीर्षकमा नवीन नामका नेपाली कामदारको भनाइ उल्लेख छ । उनले भनेका छन्, 'नेपालमा मुद्रास्फीतिका कारण साउदीमा नेपाली कामदारले पाउने तलब घरायसी खर्च गर्न र ऋण तिर्न पुग्दैन । बच्चाहरूको शिक्षा र अन्य घरायसी खर्च तिर्दा यो हराउँछ । तर म के गर्न सक्छु ? मैले जसरी पनि व्यवस्थापन गर्नुपर्छ । जब म अत्यधिक गर्मीमा काम गर्छु, मलाई लाग्छ कि म नर्कमा छु, मलाई लाग्छ- म यहाँ कसरी पुगें ? के मैले केही गलत गरें ताकि भगवानले मलाई सजाय दिए ?'

रियाद मेट्रो परियोजनामा कामदारहरूले बिताएको लामो समय प्राय: निरन्तरको गर्मी थियो, केहीले अवस्थालाई 'नर्कमा' भएको जस्तो वर्णन गरेका छन् । गर्मी महिनाहरूमा तापक्रम प्राय: दैनिक आठ घण्टाभन्दा बढी समयसम्म कम्तीमा ४० डिग्री सेल्सियस रहने भएकाले मध्याह्नदेखि दिउँसो ३ बजेसम्म प्रत्यक्ष घाममा बाहिर काम गर्न सरकारले प्रतिबन्ध लगाएको थियो ।

भारतीय कामदार जनकलाई उद्धृत गर्दै प्रतिवेदनमा उपठेकेदारका वरिष्ठ कर्मचारीहरूले अत्यधिक गर्मीमा काम गर्न दबाब दिएको उल्लेख छ । उनले भनेका छन्, 'फोरमेन र इन्जिनियरहरूले हामीलाई तातो तापक्रममा पनि ओभरटाइम काम गर्न बाध्य पार्ने गर्थे । हामीले हामी सक्दैनौं । धेरै गर्मी छ भन्थ्यौं, तर तिनीहरू भन्थे, काम गरिरहनुहोस् । गरिब मानिसहरूले के गर्न सक्छन् ? हामीले काम गर्नुपर्छ । हामीले गाह्रो काम गर्नुपर्छ ।' धेरै कामदारहरूले राहदानी जफत गरिएको, अत्यधिक भिडभाड र अस्वच्छ जीवनयापन, खराब गुणस्तरको खाना र कामको श्रेणीको आधारमा भेदभावपूर्ण व्यवहार जस्ता अन्य दुर्व्यवहारको सामना गर्नुपरेको पनि रिपोर्ट गरेको प्रतिवेदनमा उल्लेख छ। प्रतिवेदनमा साउदी अरेबियामा संस्थागत भएको सप्लाई नेटवर्क रहेको र कामदारहरूको अनुभवले साउदी सरकारको असफलतालाई मात्र नभई ठुला बहुराष्ट्रिय कम्पनीहरूले पनि उच्च जोखिमपूर्ण वातावरणमा आप्रवासी कामदारलाई काममा लगाएको प्रष्ट हुने उल्लेख छ।

सीमित सुधारहरूको बाबजुद साउदीमा काफला प्रणाली व्यवहारमा कायम रहेको, साउदीकरण लक्ष्यहरूको पालनमा आप्रवासी कामदारहरूको रोजगारी स्थितिको वैधतामा बढी ध्यान केन्द्रित गर्ने निरीक्षणहरूले दुर्व्यवहारपूर्ण श्रम अभ्यासहरू रहेको जिकिर प्रतिवेदनमा छ ।

साउदी अरेबियाले २०३४ को विश्वकपसहित उच्च-प्रोफाइल गिगा-परियोजनाहरू अगाडि बढाउँदै जाँदा अधिकारीहरूले काफला प्रायोजन प्रणालीलाई पूर्ण रूपमा भत्काउनु पर्ने र विश्वव्यापी मानव अधिकार मापदण्डहरू अनुरूप श्रम कानुनहरूलाई कडाइका साथ लागू गर्नुपर्ने सुझाव दिँदै एम्नेस्टीले भनेको छ- 'लाखौं आप्रवासी कामदारहरूका लागि सुरक्षा व्यवस्थालाई बलियो बनाउनु र जवाफदेहिता सुनिश्चित गर्नु अति जरुरी छ ।'

प्रतिवेदनमा बंगलादेश, भारत र नेपाललगायत मुख्य देशहरूले भर्ना एजेन्सीहरूको गैरकानुनी आचरणको अनुगमन, अनुसन्धान र दण्ड दिएर आफ्ना नागरिकहरूको सुरक्षा गर्ने जिम्मेवारी लिन बाध्य पारिनुपर्ने भन्दै भनिएको छ, 'कामदार पठाउने सबै देशहरूमा उचित जवाफदेहिता बिना, दुर्व्यवहारको चक्र जारी रहनेछ ।'

**राहदानी...**

तामाङ, सुर्खेत बराहताल गाउँपालिका-१० का २९ वर्षीय टेकबहादुर सुनार, दोलखा भिमेश्वर-२ का ३० वर्षीय साजन श्रेष्ठ, रामेछाप रामेछाप नगरपालिका-५ का ४० वर्षीय गोकुलबहादुर श्रेष्ठ र सिन्धुपाल्चोक चौतारा साँगाचोकगढी-३ का ३८ वर्षीय जीवन लामा रहेको उपत्यका अपराध अनुसन्धान कार्यालयका सूचना अधिकारी एवं प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिए । उनले भने, 'राहदानी विभाग त्रिपुरेश्वर, काठमाडौंको मुलगेट बाहिर सेवाग्राहीलाई छिटोछरितो राहदानी बनाइदिने भन्दै विश्वास दिलाई अतिरिक्त रकम लिइ दुःख हैरानी दिने तथा राहदानी विभागका कर्मचारीसमेतको कामकारबाहीमा अवरोध पुऱ्याउने कार्य गरेको भन्ने विशेष सूचनाको आधारमा उनीहरूलाई पक्राउ गरिएको हो ।'

पक्राउ परेका आठै जनालाई थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको सूचना अधिकारी आचार्यले बताए ।


# Kumakh Rural Municipality
# Office of Rural Municipal Executive
**Ragechaur, Salyan**
**Karnali Province, Nepal**
**Date of publication: 2082/08/03**

1. **Kumakh Rural Municipality** invites electronic bids from Nepalese eligible bidders for the procurement under NCB.
2. Eligible Bidders may obtain further information at the office of Kumakh Rural Municipality, or may visit PPMO website www.bolpatra.gov.np/ EGP.

| IFB NO. | Description of work | Estimated Amount (withoutVat contingency and provisional sum) NRs. | Bid document fee (NRs.) | Bid security (NRs.) | Last date of bid submission | Bid opening date |
|---|---|---|---|---|---|---|
| KRM-NCB-W-01-2082-083 | Construction Of Gaupalika hudai Thati samma Sadak Nirman , Khaple Magar Tol Sadak Nirman ward no 3, Gurudase Lamidada Timile Sadak Nirman ward no 3, Katyakhola dekhi Daratol Sadak nirman ward no 3 , Damare Rataghar Har bhir Sadak nirman ward no 3, Seripata Hile Sadak Nirman ward no 3 , Phalneta Dekhi Ikhra Gaun samma Sadak Storounnati ward no 3 Khakreneti Seripata Varne Sadak Storounnati ward no 3,Iparaka hudai naaulikhola sadak storounnati ward no .3 | 2968741.44 | 3000/- | 90000 | 2082/09/04 12:00 hours | 2082/09/04 13:00 hours |
| KRM-NCB-W-02-082-083 | Construction of Community Health Unit Building Tatkechaur Kumakh 1 Salyan | 8543900.37 | 3000/- | 260000 | 2082/09/04 12:00 hours | 2082/09/04 13:00 hours |
| KRM-NCB-W-03-2082-083 | Jaljale Khanepani yojana | 2096500.76 | 3000/- | 61000 | 2082/09/04 12:00 hours | 2082/09/04 13:00 hours |
| KRM-NCB-W-04-082-083 | *Kharkhola Sisnekot khanepani Aayojana* | 5118946.24 | 3000/- | 147000/- | 2082/09/04 12:00 hours | 2082/09/04 13:00 hours |

3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp.. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank : Himalayan bank limited
   Name of Office : Kumakh Rural Municipality
   Office Revenue Account no. : **12007797630117**
   Office code : 305016001
   Revenue code : 14229

4. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before above mentioned date and time.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at above mentioned time and date at the office of Kumakh Rural Municipality. Bids must be valid for a period of 90 days after bid opening with scanned copy of the bid security in .pdf format which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the bid opening date falls on a government holiday, then the next working day shall be considered as the bid opening date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The employer reserves the right to accept or reject, wholly or partly, any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

# रुकुम पश्चिममा एक्लिँदै जनार्दन

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, २ मंसिर



रुकुम पश्चिममा शीर्ष नेताहरूबीचको मतभेदले माओवादी राजनीतिमा ठूलो तरंग ल्याएको छ । नेकपा माओवादी केन्द्रका तत्कालीन अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र उपमहासचिव जनार्दन शर्मा 'प्रभाकर' फरक राजनीतिक बाटोमा उभिएसँगै जिल्लामा त्यसको प्रत्यक्ष प्रभाव देखिन थालेको छ ।

प्रचण्ड नेतृत्वमा सुरु गरिएको 'बृहत् वाम ध्रुवीकरण' र नेपाली कम्युनिष्ट पार्टी निर्माणको प्रक्रियाले यहाँको माओवादी पंक्ति दोहोरो धारमा विभाजित भएको स्थानीय नेताहरू बताउँछन् । पछिल्लो समय प्रभाकर पक्षले अघि सारेको 'प्रगतिशील राष्ट्रिय अभियान'मा भने न्यून संख्यामा मात्र नेता-कार्यकर्ता आकर्षित भएका छन् ।

साबिक माओवादी केन्द्रका मुसिकोट नगर समितिमा करिब दुईतिहाई पदाधिकारी र सदस्य प्रचण्ड नेतृत्वको नेपाली कम्युनिष्ट पार्टीतर्फ खुलेको नगर अध्यक्ष धनबहादुर खड्का र सचिव अनिल बुढाले विज्ञप्तिमार्फत जानकारी दिएका छन् । आइतबार मात्र भएको पार्टी बैठकमा ४० जना पदाधिकारी तथा सदस्य सहभागी भएको र सोही बैठकमार्फत केही पदस्थापनमा फेरबदलसमेत गरिएको उनीहरूले बताए ।

नगर अध्यक्ष दलबहादुर खड्का जनार्दन शर्माको पक्षमा लागेपछि सो जिम्मेवारी सम्हालेका अध्यक्ष खड्का 'बसन्त' ले कात्तिक २५ देखि ३० गतेसम्म जिल्लाभर सम्पन्न विस्तारित बैठक र अन्तरक्रिया कार्यक्रममा नेता-कार्यकर्ताको उत्साहपूर्ण सहभागिता देखिएको उल्लेख गरे । रुकुम पश्चिमको बाँफिकोट गाउँपालिकामा सम्पूर्ण पार्टी कमिटी नेपाली कम्युनिष्ट पार्टीमा समायोजित भएको नेता सचिन रोकाले बताए ।

आठबिसकोट नगरपालिकामा भने पूर्व माओवादी नगर अध्यक्ष मनिराज बटाला प्रगतिशील अभियानमा खुलेपछि खम्बे कुसारीलाई अध्यक्ष तोकिएको छ । नगरभित्र भने बहुमत कार्यकर्ता प्रचण्ड पक्षमै रहेको बताइएको छ ।

त्यसैगरी चौरजहारी नगरपालिका, सानीभेरी गाउँपालिका र त्रिवेणी गाउँपालिका पूर्ण रूपमा नेपाली कम्युनिष्ट पार्टीमा समायोजित भएको नेतृ विमला केसीले जानकारी दिएकी छन् । जिल्लाभर देखिएको यो पुनः ध्रुवीकरणले रुकुम पश्चिममा माओवादी शक्ति सन्तुलन नयाँ मोडमा प्रवेश गरेको स्थानीय राजनीतिशास्त्रीहरूको टिप्पणी छ ।

# तीनकुनेमा ज्यान गुमाएका पत्रकार रजककी श्रीमतीलाई सरकारी जागिर

**काठमाडौं/मस-** सरकारले दिवंगत पत्रकार सुरेश रजकको परिवारलाई रोजगारीको व्यवस्था गरेको छ ।



सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलको पहलमा मन्त्रालय मातहतको सुरक्षण मुद्रण केन्द्रमा पत्रकार रजकको श्रीमती सुजन मगियालाई कम्प्युटर अपरेटर पदमा रोजगारी दिइएको हो ।

मंगलबार सञ्चार मन्त्रालयमा आयोजित एक कार्यक्रममा सञ्चारमन्त्री खरेल र मन्त्रालयकी सचिव राधिका अर्यालको उपस्थितिमा सुरक्षण मुद्रण कोषका कार्यकारी निर्देशक देवराज ढुंगानाले सुजन मगियालाई कम्युटर अपरेटरमा नियुक्त गरिएको पत्र हस्तान्तरण गरे । २०८१ चैत १५ गते काठमाडौंको तीनकुनेमा भएको प्रदर्शनका क्रममा दृश्य कैद गर्दागर्दै तीनकुनेको आगजनीमा जलेर पित्रकार सुरेश रजकको निधन भएको थियो ।

सो अवसरमा सञ्चारमन्त्री खरेलले देश र जनताका लागि जोखिम मोलेर समाचार संकलन गर्ने पत्रकारहरु सँधै असुरक्षित रहने अवस्थामा राज्यको अभिभावकीय भूमिका रहनुपर्ने विचार व्यक्त गरे । उनले भने, 'पत्रकार सुरेशको क्रियाशील पत्रकारको रुपमा जोखिम मोलेर पत्रकारिता गरिरहेको सन्दर्भमा दुःखद् निधन भएको छ । सुरेशका लागि केही गर्न पाए हुथ्यो भनेर मन्त्रालयलाई लागिरहेको थियो र नेपाल पत्रकार महासंघले पनि आग्रह गरिरहेको सन्दर्भमा सानो रुपमा भएपनि रोजगारीको पहल गरिएको छ । कानुनसम्मत रुपमा मुद्रण केन्द्रले रोजगारीको व्यवस्था गरेको छ, यसले थोरै भएपनि सुरेशको परिवारमा केही सान्त्वना मिल्ने अपेक्षा गरिएको छ ।'

दिवंगत रजकलाई पत्रकार सहिद घोषणा गर्ने प्रक्रिया अगाडि बढाइएको जानकारी दिँदै मन्त्री खरलले परिवारका लागि निःशुल्क उच्च शिक्षा अध्ययन गर्ने व्यवस्था गर्नसमेत पहल गरिने प्रतिबद्धता जनाए । उनले सुरेशलाई पत्रकार सहिद घोषणा गर्नका लागि आफ्नोतर्फबाट आवश्यक पहल गर्ने बताए । मन्त्री खरेलले समतामूलक न्यायसँग पनि जोडिएको संवेदनशील विषयमा पहलकदमीका लागि सिंगो मन्त्रालय र मुद्रण केन्द्रलाई धन्यवाद ज्ञापन गरे ।

# 'नेतृत्व अब युवाको हुनुपर्छ'



**सूर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २ मंसिर

नेकपा (एमाले) नेत्री रामकुमारी झाँक्रीले देशलाई नयाँ दिशातर्फ लैजान युवा पुस्ताको नेतृत्व अपरिहार्य रहेको बताएकी छन् । प्रेस चौतारी नेपाल अर्घाखाँचीले मंगलबार सन्धिखर्कमा आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै उनले युवालाई अग्रपंक्तिमा ल्याउनु एमालेको जिम्मेवारी भएको उल्लेख गरिन् ।

झाँक्रीले वर्तमान समय डिजिटल युग भएको उल्लेख गर्दै राजनीतिक दलहरूले समयको मागअनुसार नयाँ पुस्तालाई अवसर दिनुपर्ने धारणा राखिन् । उनले भनिन्, 'अब नयाँ पुस्तालाई नेतृत्व हस्तान्तरण गर्नुपर्छ । नेतृत्वमा हाँक्ने जिम्मा युवाको हो ।'

उनले एमाले आगामी निर्वाचनका लागि तयार छ, तर निर्वाचनको वातावरण बनाउन सरकार असफल भएको आरोप लगाइन् । सरकारले दलहरुसँग संवाद र छलफल नगरेको जिकिर गर्दै नेत्री झाँक्रीले प्रहरीबाट लुटिएका हतियार फिर्ता नभएको र कारागारबाट भागेका कैदीबन्दीसमेत बाहिर रहेकाले निर्वाचनको वातावरण नभएको बताइन् ।

झाँक्रीले एमाले चुनावबाट भाग्ने पार्टी नभएको तर अहिलेको चुनौतीपूर्ण अवस्थाको निकास प्रतिनिधिसभा पुनर्स्थापना भएको तर्क गरिन् । 'केही राजनीतिक दलले जेनजी रिसाउलान् भनेर चुनाव भनेका छन्,' उनले भनिन् 'एमालेको स्पष्ट अडान छ, २०५९ को जस्तो वैधता नपाउने चुनावको अर्थ छैन, प्रहरी र नागरिक डरको मनोविज्ञानबाट बाहिर ननिस्कदासम्म चुनाव हुन सम्भव देखिँदैन ।'

## पुथा उत्तरगंगाको कार्यपालिका बैठक
# पर्यटनमार्गदेखि बालअधिकारसम्मका १३ निर्णय

**बालाराम शेर्पाली/मध्यान्ह**
रुकुमपूर्व, २ मंसिर



रुकुमपूर्वको पुथा उत्तरगंगा गाउँपालिकाको ४७औं गाउँ कार्यपालिका बैठक वडा -६ डिमुरगैरा तातोपानीमा सम्पन्न भएको छ ।

'दिगो पर्यटन विकास हाम्रो प्राथमिकता' नारासहित बसे को बैठकले पर्यटन पूर्वाधार, बाल अधिकार, शिक्षा, स्वास्थ्य र प्रशासनिक सुधार केन्द्रित १३ बुँदे महत्वपूर्ण निर्णय गरे को पत्रकार सम्मेलनमार्फत जानकारी दिइएको छ ।

आर्थिक वर्ष २०८१/८२ संघीय सरकार प्राप्त बजेट करिब ९० लाखमा निर्माण गरिएको भिभ्ने पोखरी, महिला, पुरुषको चेन्जिङ रुमलगायत संर चना गाउँपालिका अध्यक्ष पुनिर ाज घर्तीले उद्घाटन गरेका छन् ।

'तातोपानीलाई स्वास्थ्य-पर्यटनको अभूतपूर्व गन्तव्य बनाउने संकल्प'रहेको अध्यक्ष घर्तीले बताए । गाउँपालिकाले तातोपानी क्षेत्रलाई दीर्घकालीन रुपमा प्रवर्धन गर्दै हरेक वर्ष माघ १ गतेदेखि तातोपानी स्वास्थ्य पर्यटन महोत्सव सञ्चालन हुन्थ्यो भने अब पर्यटकहरुलाई स्वास्थ्य पर्यटन क्षेत्रमा भित्र्याउन सकिने उनले बताए ।

यस्तै पर्यटन मार्ग विस्तार गर्न चार ठाउँमा पदमार्ग र सडक निर्माण गर्न गुरगाद-रुपौली पर्यटन पदमार्ग, दम-चौरीलेक पर्यटन पदमार्ग, सेरा-निसेल्ढोर पर्यटन सडक, गुल्जा झरना पदमार्ग तथा काठेपुल बनाउने निर्णय गरिएको छ ।

बैठकले पर्यटन विकासमा महत्वपूर्ण योगदान पुगेका ७ व्यक्ति तथा संस्थालाई सम्मान गर्ने निर्णय गरेको छ ।

वडाध्यक्षदेखि सञ्चारकर्मी, व्यवसायी र ट्रेकिङ गाइडसम्म समावेश व्यक्तिहरूलाई सम्मान गरेर गाउँपालिकाले स्थानीय पर्यटन अभियन्ताको मेहनतलाई औपचारिक कदर गरेको गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत ध्रुव वि.कले बताए ।

गाउँपालिका भित्रका सबै पर्यटकीय स्थलको जानकारी एकै ठाउँमा उपलब्ध गराउने उद्देश्यले टुरिष्ट डिजिटल एप निर्माण गर्ने निर्णय समेत गरिएको छ । एपमार्फत पदमार्ग, दृश्य, आवास, यातायात, सम्भावित जोखिम, सम्पर्क बिन्दु लगायत एकीकृत डिजिटल सूचना प्राप्त हुने व्यवस्था गरिने प्रमुख प्रशासकीय अधिकृत विकले जानकारी दिए ।

# बाला चतुर्दशी पर्व मनाइँदै



**काठमाडौं/मस-** आज बाला चतुर्दशी पर्व मनाइँदैछ । प्रत्येक वर्ष मार्ग कृष्ण चतुर्दशीका दिन पितृहरुको सम्झनामा हिन्दु धर्माबलम्बीहरुले सतबीज छरेर यो पर्व मनाउने गर्छन् ।

पशुपतिनाथ लगायत देशका विभिन्न तीर्थस्थलहरुमा बिहानदेखि नै सतबीज छर्नेहरुको भीड लागेको छ । यो पर्वमा पशुपतिनाथमा विशेष भीड लाग्ने गर्दछ ।

मंगलबार त्रयोदशीका दिनदेखि तीर्थस्थलमा गई पितृका नाममा बत्ति बाल्ने तथा दीपदान गरी बस्ने गर्दछन् । रातभर दीपदान गरी बसेका भक्तजनले आज बिहानै सतबीज छर्ने गर्छन् । सतबीजमा धान, जौ, तिल, गहुँ, चना, मकै र कागुनो लगायत पर्दछन् । यस दिन सतबीज छर्दा देहान्तपछि अलपत्र परेका आत्मा वा नरकमा परेकाहरुको उद्धार भई बैकुण्ठमा बास पाउँछन् भन्ने शास्त्रीय मान्यता रहेको छ ।

# सत्ती भन्सारमा लक्ष्यअनुसार उठेन राजस्व

**कैलाली/मस-** कैलालीको सत्ती भन्सार कार्यालयले चालु आर्थिक वर्षको पहिलो चार महिनाको अवधिमा लक्ष्यअनुसार राजस्व असुली गर्न नसकेको पाइएको छ ।

चालु आर्थिक वर्षमा भन्सार विभागले सत्ती भन्सारलाई कात्तिक महिनासम्म ५ करोड ३२ लाख ७१ हजार रुपैयाँ लक्ष्य तोकेकोमा कात्तिक महिनासम्म ४ करोड ३२ लाख ६५ हजार ५ सय ८५ रुपैयाँ मात्र असुली भएको सत्ती भन्सार कार्यालयका निमित्त कार्यालय प्रमुख पदम भट्टले जानकारी दिए । चार महिनाको असुली लक्ष्यको ८१ प्रतिशत मात्र राजस्व संकलन भएको हो । असुली गरेको राजस्व कात्तिकसम्मको लक्ष्यभन्दा १ करोड रुपैयाँले कम हो ।

पछिल्लो चार महिनामा संकलन भएको राजस्व हेर्दा कार्यालयले साउनमा ६३ लाख ३७ हजार १ सय ३२ रुपैयाँ अर्थात् लक्ष्यको ४९.१७ प्रतिशत, भदौमा ९० लाख ७० हजार १ सय २४ रुपैयाँ अर्थात लक्ष्यको ६७.४३ प्रतिशत, असोजमा १ करोड ६८ लाख १ सय ७६ रुपैयाँ अर्थात लक्ष्यको १२७.७१ प्रतिशत र कात्तिकमा १ करोड १९ लाख ८२ हजार २ सय १५ रुपैयाँ अर्थात लक्ष्यको ८१ प्रतिशत लक्ष्य प्राप्त गरेको देखिन्छ । सत्ती भन्सारले साउन, भदौ र कात्तिकमा लक्ष्य हासिल गर्न सकेको छैन भने असोजमा मात्र लक्ष्य हासिल गरेको छ । चालु आर्थिक वर्षमा सत्ती भन्सार कार्यालयले १५ करोड ८४ लाख ४९ हजार रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य लिएको निमित्त कार्यालय प्रमुख भट्टले जानकारी दिए ।

मलेसियामा वैदेशिक रोजगारको सुवर्ण अवसर

कम्पनी: GEMINI FORCE SDN BHD — शहर: MALAYSIA, JALAN
पूर्व स्वीकृत मितिः २०८१/१२/१८ — चलानी नं.: ६०२३५५०३ — LT. No.: 321369 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security | 22 | 0 | स. काममा दक्ष | 1700 | ५७,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी: SETIA CORPORATION SDN BHD — शहर: MALAYSIA
पूर्व स्वीकृत मितिः २०८२/०२/३० — चलानी नं.: ६०२३९४७९ — L.T. No.: 325570 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cargo Warehouse Operator | 3 | 0 | स. काममा दक्ष | 1700 | ५७,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर १० गते (26 November 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No.:1643/080/081
LANGTANG OVERSEAS PVT.LTD.
Basundhara-03, Kathmandu Nepal. Contact: 015903079, 014971229, 9851358932, 980-2392459, 9818510349
Email - info@langtangoverseas.com, Website: www.langtangoverseas.com

Invitation for Electronic Bids
Budhanilkantha Municipality Office
Hattigaunda, Kathmandu

Date of Publication: 2082/08/03

*Budhanilkantha Municipality Office* invites electronic bids from Nepalese eligible bidders for the Procurement of following contract under National Competitive Bidding procedures.

| S.N. | Contract Name/Contract ID | Cost of Bid Document | Pre-bid Meeting Held | Deadline Date of Bid Submission and Opening Date | Bid Security Amount (NRs.) | Bid Security Validity Period | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | Supply, Delivery, Installation, Testing and Commissioning of CCTV Camera with VMS in Budhanilkantha Municipality (NCB/BNP /GW/082_083/06) | 5,000.00 | 2082/08/21 @ 13:00 hrs | 2082/09/07 @ 12 :00 hrs 2082/09/07@ 13:00 hrs | 10,00,000.00 | 120 days from the deadline date of bid submission and opening date | 1S2E |

Eligible Bidders may obtain further information by visiting PPMO
*Website: www.bolpatra.gov.np/egp.*
*Chief Administrative Officer*

Invitation for Bids

Kalinchok Rural Municipality
Office of the Rural Municipal Executive
Sunkhani, Dolakha
Bagmati Pradesh, Nepal

First Date of publication: 2082.08.03 (19 November 2025)

1. ***Kalinchok Rural Municipality*** invites sealed bids or electronic bids from eligible bidders for the following project as stated below under National Competitive Bidding procedures. Only eligible bidders with the following key qualifications should participate in this bidding:
2. Eligible Bidders may obtain the the Bidding Documents at the office of ***Kalinchok Rural Municipality,Office of the Rural Municipal Executive,Sunkhani , Dolakha*** or may visit PPMO website www.bolpatra.gov.np/egp.

| S. N. | Name of project | Contract no. | Estimated amount excluding Vat and PS (Rs.) | Bid Security Amount, NRs. | Bid | Bid opening Date |
|---|---|---|---|---|---|---|
| 1 | Upgrading of dhamire niware pokhare Sadak (section 1) Gumukhola syauli sadak (section 2) alxedhunga campus sadak (section 3) | KRM/NCB/Works/ Dolakha/08/2082/083 | 3840326.13 | 1,15,000.00 | 3,000.00 | 19h December 2025 at 1:00 PM |
| 2 | Upgrading of Balodaya Tarevir Sadak | KRM/NCB/Works/ Dolakha/09/2082/083 | 2111498.42 | 63,000.00 | 3000.00 | 19h December 2025 at 1:00 PM |

For further information: (website : kalinchowkmun.gov.np

**Chief Administrative Officer**

सम्पादकीय

# सुशासनमाथि उठेका प्रश्नको जवाफ देऊ

सुशासनको प्रत्याभूति दिलाउने र आमचुनाव गराएर सत्ता हस्तान्तरण गर्ने म्यान्डेटसहित बनेको अन्तरिम सरकारमाथि प्रश्न उठ्न थालेका छन् । सरकारका तीन मन्त्री विवादमा तानिएका छन् भने महान्यायाधिवक्ता सविता भण्डारीका कारण प्रधानमन्त्री सुशीला कार्की स्वयंमाथि नैतिक प्रश्न उठेको छ । महान्यायाधिवक्ता भण्डारीले डिम्ब तस्करीसम्बन्धी कसुरमा आफ्नोसमेत लगानी रहेको कम्पनीलाई उन्मुक्ति दिलाएको खुलासा हुँदासमेत प्रधानमन्त्री कार्कीले उनलाई हटाएकी छैनन् । होप फर्टिलिटीले अबैध रूपमा किशोरीहरूबाट डिम्ब निकालेर बेच्ने गरेको प्रहरी अनुसन्धानबाट पुष्टि भइसक्दा पनि महान्यायाधिवक्ताको कार्यालयले मुद्दा नचलाउने निर्णय गर्‍यो । यति गम्भीर विवाद बाहिरिँदासमेत प्रधानमन्त्री कार्की मौन बस्नु अशोभनीय छ ।

सरकारका दुई मन्त्री ऊर्जामन्त्री कुलमान घिसिङ र अर्थमन्त्री रामेश्वर खनालमाथि पनि त्यस्तै गम्भीर प्रश्न उठेका छन् । घिसिङ र विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक मनोज सिलवालको लापरबाहीका कारण भारतको कम्पनी पिटिसी इन्डियासँगको विद्युत् सम्झौतामा ४३ करोडको नोक्सानी भएको आरोप लागेको छ । जेनजी समूहलगायत नागरिकस्तरबाट पनि विद्युत् सम्झौता सार्वजनिक गर्न आवाज उठिरहेको छ । त्यस्तै, अर्थमन्त्री खनालको डोल्मा इम्प्याक्टलाई कर छुट दिने निर्णय पनि विवादमा परेको छ । यसअघि एनसेलको कर छुट विवादमा पुँजीगत लाभकर लाग्ने टुंगो लागिसकेको थियो । त्यतिबेला कर लगाउन लबिङ गरेका खनाल स्वयं अर्थमन्त्री भएका बेला विवादास्पद निर्णय गराउन खोजेको देखिन्छ । मन्त्रिपरिषद्को सो निर्णय प्रमाणीकरण नभई रोकेर त्यसबारे कानुन मन्त्रालयसँग राय मागिएको छ । निर्णय गरिसकेपछि राय खोज्ने यस्तो तरिका अन्तरिम सरकारको अपरिपक्वता हो । यी तीन प्रकरणले अन्तरिम सरकारको सुशासनमाथि नै प्रश्न उठाइदिएको छ । कतिपय जेनजी समूहले नै मन्त्रीहरूको राजीनामा माग्न थालेका छन् ।

अन्तरिम सरकारको मुख्य काम २१ फागुनमा आमचुनाव गराउनु हो । तर भ्रष्टाचार, बेथिति र कुशासनबाट वाक्कदिक्क भएका आमनागरिकले प्रत्याभूत हुनेगरी देशलाई सुशासनमा ल्याउनु पनि हो । अघिल्ला सरकारका भ्रष्टाचार काण्डहरूको गहिरो र निष्पक्ष छानबिनको माग गरिरहेका नागरिकलाई अन्तरिम सरकारकै खासै आशा जगाउन सकेको छैन । कतिसम्म भने दुई महिनासम्म मन्त्रीहरूले सम्पत्ति विवरणसमेत बुझाएनन् । आमनागरिक पारदर्शिता चाहन्छन् । प्रधानमन्त्रीदेखि मन्त्रीहरूसम्मको सम्पत्ति सार्वजनिक होस् भन्ने चाहन्छन् । तर सुशासनको चर्को वकालत गर्ने प्रधानमन्त्री कार्की र मन्त्रीहरू त्यसका लागि पनि तयार देखिएका छैनन् । विवादमा तानिएका मन्त्री र महान्यायाधिवक्ताबारे सरकारको प्रस्ट धारणा आउन जरूरी छ । अघिल्ला सरकारका पालामा भएका अनियमितताको छानबिन गर्नुअघि आफूमाथि उठेका प्रश्नको जवाफ दिनु प्रधानमन्त्री कार्कीको उत्तरदायित्व पनि हो ।

# निजी क्षेत्र, जेनजी र आर्थिक विकास

*युवा पुस्ताको आर्थिक चाहना सम्बोधन गर्ने, सार्वजनिक-निजी संवादको नयाँ संस्कृतिको विकास गर्ने, दीर्घकालीन आर्थिक स्थायित्वको दिशा तय गर्ने र सामाजिक समावेशिता तथा उद्यमशीलतालाई बलियो बनाउनेजस्ता एजेन्डा अहिलेका लागि सबैभन्दा महत्वपूर्ण छन् ।*

अग्रलेख



● शंकरमान सिंह

हालै नेपाल उद्योग वाणिज्य महासंघले विकाससम्बन्धी २.० संस्करणमा पछिल्लो आर्थिक अवस्थाबारे छलफल गर्‍यो । यो नयाँ पहलले जेनजी आन्दोलनपछि उत्पन्न आर्थिक चुनौती सम्बोधन गर्दै नीतिनिर्माता, निजी क्षेत्र र विकास साझेदारलाई एउटै साझा मञ्चमा ल्याउने प्रयत्न गरेको आभास हुन्छ । यस संस्करणको मूल उद्देश्य युवा पुस्ताको आर्थिक चाहना सम्बोधन गर्ने, सार्वजनिक-निजी संवादको नयाँ संस्कृतिको विकास गर्ने, दीर्घकालीन आर्थिक स्थायित्वको दिशा तय गर्ने र सामाजिक समावेशिता तथा उद्यमशीलतालाई बलियो बनाउनेजस्ता विषयसँग सम्बन्धित देखिन्छ ।

जेनजी आन्दोलनले निजी क्षेत्रलाई युवा पुस्ताको आवाजप्रति अत्यन्त संवेदनशील बन्न बाध्य बनायो । युवाहरूको असन्तुष्टि सामाजिक मात्र नभई आर्थिक संरचना तथा राज्य संयन्त्रप्रतिको आलोचना पनि थियो । यही कारण निजी क्षेत्र अहिले युवा उद्यमशीलतालाई प्राथमिकताका साथ अघि बढाउनुपर्ने आवश्यकता बुझ्न थालेको छ । नेपालको समग्र आर्थिक संरचना सरकारी, निजी र सहकारी गरी तीन क्षेत्रलाई आधार मानेर चलेको छ तर यी क्षेत्रबीचको भूमिकाबारे जनस्तरमा रहेको भ्रमले नीति निर्माणमा अस्पष्टता पैदा गरिरहेको छ ।

सरकारी क्षेत्रलाई आर्थिक विकासको नेतृत्वकर्ता मान्ने धारणा बलियो भए पनि यथार्थमा यसको भूमिका नीति निर्माण, सार्वजनिक सेवा प्रवाह र नियमनमा सीमित हुनुपर्छ । यसलाई उद्यमकर्ताको होइन, सहजकर्ताका रूपमा परिभाषित गर्नु उपयुक्त देखिन्छ, जसले निजी लगानी र व्यवसायिक वातावरणलाई सरल बनाउने जिम्मेवारी वहन गर्छ । अर्कोतर्फ, निजी क्षेत्रलाई केवल नाफा मात्र पछ्याउने र सामाजिक उत्तरदायित्वबाट विमुख रहने क्षेत्रका रूपमा बुझ्ने प्रवृत्ति पनि वास्तविकता होइन । निजी क्षेत्र रोजगार सिर्जना, नवप्रवर्तन, पुँजी परिचालन र समग्र आर्थिक गतिविधिलाई गति दिने शक्तिका रूपमा स्थापित छ, त्यसैले यसको भूमिकालाई सही ढंगले मूल्यांकन गर्दै गम्भीर बहस सुरु गर्नु आवश्यक छ ।

प्रधानमन्त्रीले हालै उद्योगी-व्यवसायीको मनोबल नै आर्थिक सुधारको आधार भएको उल्लेख गर्दै व्यवसायीहरूको पीडालाई सरकारकै पीडा भनेर सम्बोधन गरेकी छन् । सुशासन सामाजिक न्याय र आर्थिक वृद्धिको पूर्वसर्त भएको उनले विशेष जोड दिएकी छन् । तर निजी क्षेत्र भने आन्दोलन र असन्तोषका प्रत्येक तरंगमा प्रहारको निशाना बन्न पुगेको छ । नाफा कमाउनु नै अपराधजस्तो तरिकाले चित्रित गर्दै व्यावसायिक वातावरण नकारात्मक बनाइने गरेको छ यद्यपि व्यवसायको लक्ष्य सेवा प्रदान गर्दै नाफा कमाउनु नै हो भन्ने यथार्थले हरेक निर्णयमा स्थान पाउनुपर्छ ।

मुलुकका बैंकहरूमा करिब ११ खर्ब रुपैयाँ लगानीयोग्य पुँजी थन्किएको छ तर लगानी प्रवाह अपेक्षित रूपमा बढ्न नसक्नुमा कर्जा मार्गदर्शन, सूक्ष्म निगरानी र कालोसूचीकरणसम्बन्धी कडाइ कारण देखिन्छन् । यस्तो अवस्था हटाउन चालु पुँजी कर्जासम्बन्धी निर्णय बैंक र ऋणीबीचको स्वतन्त्र छलफलबाट हुने व्यवस्था नै उचित देखिन्छ । निजी क्षेत्र स्वयं पनि पुँजी परिचालनको महत्वपूर्ण अंग हो, जहाँ नयाँ उद्यमहरूको स्थापना र सार्वजनिक संस्थाहरूको निजीकरणमार्फत निजी क्षेत्र विस्तार हुँदै आएको छ ।

निजी क्षेत्रले कठिन परिस्थितिमा समेत लचिलोपन र अनुकूलन क्षमताको प्रदर्शन गरेको छ । उद्यमीहरू निरन्तर नयाँ अवसर खोज्न सक्रिय छन् । पर्यटन क्षेत्रले अर्थतन्त्रमा ठुलो सम्भावना बोकेर बसेको छ र जलविद्युत्बाट ऊर्जा निर्यातको सम्भावनाले भविष्यका लागि ठुलो



आशा जगाइरहेको छ । तर यिनै सम्भावनाबीच अपर्याप्त पूर्वाधार, प्रशासनिक जटिलता, नियामक अवरोध, भूपरिवेष्ठित भौगोलिक सीमाबद्धता, उच्च ब्याजदर, भारी करभार, महँगो व्यापारिक वातावरण तथा दक्ष जनशक्तिको अभावजस्ता समस्याले निजी क्षेत्रलाई अवरुद्ध बनाइरहेका छन् । राजनीतिक अस्थिरता, भू-राजनीतिक संवेदनशीलता र प्राकृतिक प्रकोपको जोखिम पनि निजी क्षेत्रका लागि चुनौतीपूर्ण अवरोध बनेका छन् ।

वैश्विक रूपमा आज पनि करिब १ अर्ब २० करोड मानिस दैनिक एक डलरभन्दा कम आम्दानीमा जीवन बिताइरहेका छन् । नेपालमा पनि प्रत्येक पाँच जनामध्ये एक जना गरिब छन् । सहस्राब्दी विकास लक्ष्यले गरिबी निवारणलाई मुख्य प्राथमिकतामा राखेकाले आम्दानी वृद्धि, स्वास्थ्य र शिक्षा सेवामा पहुँच विस्तार अनिवार्य हुन्छ । तर सोतर्फ राज्यको भूमिका देखिन्न ।

निजी क्षेत्रको विकासलाई संस्थागत आधार प्रदान गर्ने कानुनी संरचना नेपालमा अझै परिपक्व हुन सकेको छैन किनभने निजी क्षेत्रसम्बन्धी छुट्टै ऐन नै अस्तित्वमा छैन । अर्थतन्त्र सुधारका लागि निजी क्षेत्रको मनोबल उकासिनु पहिलो आवश्यकता हो । जनताको आत्मविश्वास खस्किएको, व्यवसायीहरू हिच्किचाएको र सरकार र निजी क्षेत्र दुवैले लगानी विस्तार गर्न नसकेको अवस्थाले आजको समस्या झन् गम्भीर बनाएको छ । विप्रेषण र पर्यटन दुवै बढे पनि बजारमा माग नबढ्नुको मूल कारण व्यवसायी र सर्वसाधारणको विश्वास खस्किनु नै हो । सरकारी पुँजीगत खर्च बढ्न नसक्नु, न्यून ब्याजदर भए पनि कर्जा विस्तार नहुनु र कर्जा मार्गदर्शनका कारण वित्तीय संस्थाहरूले रकम प्रवाह गर्न नसक्नु- यी सबै निजी क्षेत्रले बारम्बार उठाउँदै आएका चुनौतीहरू हुन् ।

तर निजी क्षेत्रले आफूलाई राष्ट्रको अर्थतन्त्रको मेरुदण्ड साबित गर्न चाहन्छ भने सधैं सरकारलाई मात्र दोष दिने र आफ्ना कमजोरीबाट पन्छिने प्रवृत्ति पनि छोड्नुपर्छ । आयातमुखी अर्थतन्त्र विकास हुनुमा सरकार मात्र होइन, निजी क्षेत्रकै महत्वपूर्ण हिस्सेदारी छ भन्ने यथार्थ स्वीकार गर्नुपर्छ । निजी क्षेत्रले दिगो, दीर्घकालीन र संरचित आर्थिक एजेन्डा अघि सार्न सकेको छैन, जसले यसको आवाजलाई पटकपटक सामान्य भाषणजस्तै कमजोर बनाइदिएको छ । जसलाई हेक्का राख्नु आवश्यक छ ।


> *बैंकहरूमा करिब ११ खर्ब रूपैयाँ लगानीयोग्य पुँजी थन्किएको छ । लगानी प्रवाह अपेक्षित रूपमा बढ्न नसक्नुमा कर्जा मार्गदर्शन, सूक्ष्म निगरानी र कालोसूचीकरणसम्बन्धी कडाइ कारण देखिन्छन् । यस्तो अवस्था हटाउन चालु पुँजी कर्जासम्बन्धी निर्णय बैंक र ऋणीबीचको स्वतन्त्र छलफलबाट हुने व्यवस्था नै उचित देखिन्छ ।*

विगतका दशकहरूमा नेपालले उदारीकरण र भूमण्डलीकरणको नीति अपनाए पनि आर्थिक वृद्धि, समावेशी विकास तथा गरिबी निवारणमा अपेक्षित उपलब्धि हासिल गर्न सकेन । निजी क्षेत्रको योगदान ८० प्रतिशतभन्दा माथि रहेको अनुमान गरिए पनि कुनै औपचारिक अध्ययन नभएको कमजोरी अझै छ । जलविद्युत्, व्यावसायिक कृषि, बजारीकरण, विद्युत्- सवारी नीतिमा सहजीकरण आदि क्षेत्रमा विगतमा अपनाइएको उदासीनताले अहिलेको आर्थिक स्थिरतामा प्रतिकूल प्रभाव पारेको छ ।

अन्ततः सरकारले नीति, कानुन, सुरक्षा, वैदेशिक सम्बन्ध, वित्तीय स्थिरता र न्याय प्रदान गर्ने मुख्य भूमिकामा केन्द्रित हुनुपर्छ । यसको बाहेकका काम बजार प्रक्रियाले पूरा गर्ने हो तर निजी क्षेत्रले पनि जिम्मेवारीबाट पन्छिन नमिल्ने अवस्था आइसकेको छ । नेपाललाई दिगो आर्थिक यात्रामा अघि बढाउन सरकार, निजी क्षेत्र र समाज-तीनै पक्षको इमानदार सहकार्य अपरिहार्य देखिन्छ ।

## इतिहासमा आज

१९ नोभेम्बर २०२३ मा क्रिकेट विश्वकप २०२३ को फाइनल खेल भारतको अहमदाबादस्थित नरेन्द्र मोदी रंगशालामा आयोजक राष्ट्र भारत र अस्ट्रेलियाबीच खेलिएको थियो ।



१९ नोभेम्बर २०२२ मा कोलोराडोको कोलोराडो स्प्रिंग्समा रहेको समलिंगी नाइटक्लब क्लब क्युमा एक बन्दुकधारीले पाँच जनाको हत्या गरे भने उनको गोलीबाट १७ जना घाइते भए ।




१९ नोभेम्बर २०१३ मा बेरुतमा रहेको इरानी दूतावासमा भएको आत्मघाती बम विस्फोटमा २३ जनाको मृत्यु भयो र १ सय ६० जना घाइते भएका थिए ।



१९ नोभेम्बर २०१० मा न्युजिल्यान्डको पाइक नदी खानीमा भएको विस्फोटहरूपछि खानी विपत्तिमा २९ जनाको मृत्यु भएको थियो ।



# बालाचतुर्दशीको सांस्कृतिक महत्व

धर्म-संस्कृति



● विश्वनाथ खरेल

> *शतबिज छर्ने परम्परा प्रायः दिवंगत आफन्तहरूको चीरशान्ति, कल्याण र पुण्य प्राप्तिको कामनासहित गरिन्छ । तीन वर्षसम्म लगातार शतबिज छर्ने र तेस्रो वर्षमा 'चर्तुष्ठी' गरी होम गर्ने परम्परा आजसम्म प्रचलित छ ।*

प्रत्येक वर्ष मार्ग कृष्ण चतुर्दशीमा मनाइने बालाचतुर्दशी नेपाली समाजमा अत्यन्त महत्वपूर्ण र मौलिक पर्वका रूपमा स्थापित भएको छ । बालाचतुर्दशीको पशुपतिनाथसँगको सम्बन्ध हिमवत्खण्ड, नेपाल माहात्म्य र शिवपुराणजस्ता ग्रन्थमा उल्लेखित छ । हिमवत्खण्डको ४२औं अध्यायमा वर्णनअनुसार, भगवान् शिव मृगरूप धारण गरी जहाँजहाँ विहार, भोजन, निद्रा तथा विचरण गर्नुभयो, ती सबै स्थान पुण्यक्षेत्र भए । ती स्थानमा सप्तधान्य (शतबिज) छर्दा-एक गेडा धान छर्दाको फल एक रत्ति सुवर्ण दान गरेबराबर हुन्छ भनी हरिणेश्वर शिवले आकाशमार्गबाट बताएको उल्लेख पाइन्छ । यही कारणले बालाचतुर्दशीको पशुपतिक्षेत्रसँगको सम्बन्ध अत्यन्त पवित्र मानिन्छ ।

शतबिज छर्ने परम्परा प्रायः दिवंगत आफन्तहरूको चीरशान्ति, कल्याण र पुण्य प्राप्तिको कामनासहित गरिन्छ । तीन वर्षसम्म लगातार शतबिज छर्ने र तेस्रो वर्षमा 'चर्तुष्ठी' गरी होम गर्ने परम्परा आजसम्म प्रचलित छ । जनश्रुतिअनुसार, भगवान् शिव मृगरूप धारण गरी कैलाशबाट श्लेष्मान्तक वनमा आई धेरै वर्ष बिते । देवी पार्वतीलगायत देवदेवी उनलाई नदेखेर चिन्तित भए । दिव्यदृष्टिबाट हेर्दा-शिव मृगरूपी भएर पशुपतिक्षेत्रको वनमा विचरण गरिरहनुभएको थाहा भयो । शिवरूपी मृगलाई चिन्न देवी पार्वतीले विभिन्न बिउ छर्नुभयो । केही समयपछि बिउ उम्रिएर हरियो घाँस भयो । घाँसको लोभमा आएका मृगहरूमध्ये शिवलाई चिन्न सजिलो भयो । यही प्रसंगबाट सरु भएको शतबिज छर्ने परम्परा कालान्तरमा जीवन-संस्कृति बन्यो र आजसम्म अविच्छिन्न रहँदै आएको छ ।

**शतबिज के हो ?**

शतबिजमा सामान्यतः सात प्रकारका अन्न-बिज तथा कन्दमूलहरू पर्दछन्-

गहुँ, सर्स्यु (काँटेदार गहुँ), मकै, जौ, धान, बयर, अमला, साथै अन्य फलफूल तथा कन्दमूलका साना टुक्राहरू । नेपालका विभिन्न भागहरू र भारतबाट समेत तीर्थालुहरू पशुपतिनाथमा आएर शतबिज छर्ने गर्दछन् । त्रयोदशीका दिन तीर्थालुहरू पशुपति क्षेत्रमा रातभर महादीप बालेर बस्छन् र भोलिपल्ट बिहान शतबिज छर्दै मृगस्थली-कैलाश क्षेत्रमा प्रदक्षिणा गर्छन् ।

दूरदराज जान नसक्नेहरू नजिकका शिवालय वा तीर्थस्थलमा जाग्रम बसेर शिवपूजा गरी शतबिज छर्ने परम्परा पनि समाजमा रहेको छ । शतबिज छरेपछि खीर, फलाहार, दही, चिउरा, पुलाऊ आदि भोजन गरी खैजडी, मादल आदिका धुनमा भजन-कीर्तन गर्ने चलन छ । समाजमा शतबिज छर्ने मुख्यतया दुई धारणा पाइन्छन्- दिवंगत पितृहरूको स्मृतिमा शतबिज छर्नेहरू र पुण्य प्राप्तिको आशा राखेर शतबिज छर्नेहरू ।

मार्ग कृष्ण त्रयोदशीका दिन पशुपतिनाथलाई विशेष गरगहना-एकमुखे रुद्राक्ष, नागमणि आदि-ढुकुटीबाट निकालेर शोभायमान गराइन्छ । औंसीका दिन ती पुनः भण्डारमा राखिन्छन् । बालाचतुर्दशीको रात अन्तिम 'कएन्या' शतबिज छर्ने कार्य सम्पन्न भएपछि त्यस वर्षको शतबिज छर्ने परम्परा पूरा भएको मानिन्छ । यसै रातदेखि चैत्र कृष्ण चतुर्दशीसम्म पशुपतिनाथलाई तातो पानीले स्नान गराउने चलन छ । बाग्मती नदीमा स्नान गरी- 'सुवर्णरत्तिकातुल्यं ब्रीहिमेकं परिक्षिपेत् । मृगस्थली परिभ्रम्य पुनर्जन्म न विद्यते ॥' भन्ने मन्त्र उच्चारण गर्दै शतबिज छर्ने परम्परा विशेष महत्वपूर्ण मानिन्छ ।

**बौद्ध समुदायको सहभागिता**

बौद्ध अनुगामीहरू यस दिन स्वयम्भूमा शतबिज छर्न जान्छन् । लामा, शेर्पा, तामाङ, गुरुङ आदि जनजातिहरू पितृहरूको नाममा अन्न-फलफूल छर्ने गर्छन् । यसै दिन उपत्यकाका अन्य महत्वपूर्ण मन्दिरहरूमा समेत दर्शनार्थीहरूको भीड लाग्छ । त्रयोदशीको साँझदेखि नै पशुपति-कैलाश क्षेत्रमा मेलाको वातावरण सिर्जना हुन्छ । पसलेहरूले शतबिजलगायत वस्तुहरूको बजार सजाउँछन् । रात पर्नासाथ धार्मिक अनुष्ठान आरम्भ हुन्छ । कसैले महादीप बालेर पितृका नाममा रातभर यसको संरक्षण गर्छन्, कसैले मादल तालमा नाच्छन्, कोही भजन-कीर्तन गरेर रातको जाडोलाई सहन्छन् । साँझको कैलाश चौर असंख्य दियोको उज्यालोले चम्किन्छ, जस्तै अन्धकार चिरेर प्रकाश मार्ग देखाइरहेझैं लाग्छ । भोलिपल्ट बिहान महादीप बाग्मतीमा सेलाउँदै नुहाएर पशुपतिनाथको पूजा गरेर शतबिज छर्ने कार्य सम्पन्न गरिन्छ ।

**निष्कर्ष**

हाम्रो समाजमा परम्परा र धार्मिक संस्कारले विशेष स्थान ओगटेको छ । तीमध्ये शतबिज छर्ने परम्परा अत्यन्त महत्वपूर्ण मानिन्छ । विश्वास छ-त्रयोदशीको रात पशुपति क्षेत्रमा बालिएको दीपको प्रकाशले मार्गविहीन भट्किएका जीवात्मालाई पितृलोकको बाटो देखाउँछ, मृगस्थलीमा छरेको प्रत्येक अन्नगोरस एक तोला सुन दानको पुण्य तुल्य हुन्छ । यसरी हेर्दा बालाचतुर्दशी नेपाली संस्कृति र हिन्दू आस्थाको गहिरो प्रतीक बनेको छ । धार्मिक विश्वास, पितृ-श्रद्धा र परम्परागत आस्थाबाट प्रेरित यो पर्व आज पनि उस्तै उल्लास र भक्तिभावका साथ मनाइन्छ ।


## सामाजिक सञ्जाल



**मुमाराम खनाल**

मुलुकको अवस्था र त्यसका मतियारको विगतबारे कांग्रेसको भागमा आउने अपजसका लागि यी पूर्व पदाधिकारीहरूलाई राजनीतिक रूपले दुवै गालामा रन्किने गरी हान्दा कांग्रेसको छवि धेरै माथि जान्छ । कार्यवाहक सभापति खड्का सुरक्षित हुने हो भने यो गिरोहको चंगुलबाट अलग हुँदा राम्रो !

मलाई लाग्छ, निर्वाचन आयोगमा दर्ता भएका र दर्ता हुने अन्तिम प्रक्रियामा रहेका दलहरू हाम्रो समाजका प्रतिबिम्ब हुन् । हामी जस्तो छौं, राजनीतिक भाष्य जस्तो छ, हामीले मानेका अगुवाजस्ता छन्, दल त्यस्तै बन्ने हुन् । जब हाम्रो बहस नै टिपटापे, भुइँफुट्टा, पपुलिस्ट र व्यक्ति केन्द्रित छ, आखिर आउने दल पनि त्यस्तै हुने हुन् । आलु रोपेर स्याउ कहाँ फल्छ ?




**केशव दाहाल**



**तारानाथ दाहाल**

काठमाडौंको एकछेउको गुम्बा र चैत्यहरूले भरिएको सांस्कृतिक बस्ती बौद्ध अहिले शासनको केन्द्र बनेको छ । देशको विकास बजेटको ८० प्रतिशतभन्दा बढी बजेट भएका विकासे मन्त्रालयहरू जिम्मा पाएका कुलमान घिसिङको राजनीतिक गतिविधि यतै केन्द्रित छ । ठेकेदार र बिचौलिया त्यतै लागेका छन्, शरणार्थी त छँदै थिए ।

राजनीतिमा जनतालाई कसरी बेवकुफ बनाइन्छ वा कति मूर्ख ठानिन्छ भन्ने एक उदाहरण गत निर्वाचन लक्षित यो पोस्टर पनि एक हो । यस पोस्टरमा देखिएका तीन महाशयहरू अहिले सत्ता स्वार्थ र महत्वाकांक्षाले तीन पार्टीका घोषित/अघोषित प्रमुख छन् । अब यो अपुतालीमा प्राप्त क्रेडिटलाई कसरी भागबन्डा गर्लान् ?



**मुकेश काफ्ले**

# घोडाघोडी तालमा नियमविपरीत ठेक्का



**जमुना न्युरे/मध्यान्ह**
कैलाली, २ मंसिर

घोडाघोडी नगरपालिकाले विश्व रामसार सूचीमा सूचीकृत घोडाघोडी ताल क्षेत्रमा नियमविपरीत रूपमा ठेक्का प्रक्रिया अघि बढाएको खुलासा भएको छ।

नेपालकै पहिलो पंक्षी अभयारण्य (बर्ड सेन्चुरी) घोषित यो सिमसार क्षेत्रमा नगरपालिकाले आवश्यक मापदण्ड र सरोकारवाला निकायसँग समन्वय नगरी राजस्व उठाउने उद्देश्यले विभिन्न शीर्षकमा ठेक्का लगाएको हो। नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन-२०७४ को परिच्छेद ३, दफा ११(घ) अनुसार भन्दै गत भदौ ५ गते घोडाघोडी मन्दिर क्षेत्रका आन्तरिक कर संकलनका लागि रु १४ लाख ८५ हजारको बोलपत्र आह्वान गरेको थियो। प्रतिस्पर्धामार्फत यो ठेक्का खप्तड निर्माण सेवा, बाजुराले प्राप्त गरेको छ।

तर यो प्रक्रिया कानुन तथा संरक्षण नीतिविपरीत रहेको विशेषज्ञहरूको भनाइ छ। नेपालको संविधान २०७२ को अनुसूची ९ अनुसार स्थानीय तहले सिमसार क्षेत्रको अध्ययन, तथ्यांक संकलन र संरक्षणमा सहयोग गर्ने दायित्व राखे पनि ठेक्का प्रक्रियामा त्यसको उल्लंघन भएको बताइन्छ।

डिभिजन वन कार्यालय पहमानपुरका प्रमुख वरिष्ठ डिभिजनल वन अधिकृत रामचन्द्र कँडेलले सिमसार क्षेत्रमा कुनै पनि प्रकारको ठेक्का वा संरचना निर्माण गर्नुअघि स्पष्ट कार्यविधि आवश्यक पर्ने बताए। 'घोडाघोडी ताल जस्तो संवेदनशील सिमसार क्षेत्रमा सरोकारवाला निकायको समन्वयबिना ठेक्का दिन मिल्दैन,' कँडेलले भने। सिमसारविद् टोपबहादुर खत्रीका अनुसार रामसार क्षेत्रको संरक्षण तथा सदुपयोग गर्ने नीति र कार्यविधि बनाउन प्रदेश सरकारलाई अधिकार छैन। 'यो विषय संघीय सरकारको अधिकार क्षेत्रभित्र पर्छ,' खत्रीले स्पष्ट पारे।

उनका अनुसार स्थानीय तहले संरक्षणसम्बन्धी कामका लागि सामुदायिक वन, संरक्षण समूह तथा सरोकारवाला संस्थासँग सहकार्य गर्नुपर्नेमा उल्टै राजस्व उठाउने गतिविधिमा लागेको देखिनु चिन्ताजनक छ।

सुदूरपश्चिम प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव दिर्घनारायण कोइरालाले घोडाघोडी नगरपालिकाले गरेको ठेक्का प्रक्रिया रामसार नीति विपरीत भएको बताए। 'रामसार क्षेत्रमा स्थानीय तहले स्वतन्त्र रूपमा राजस्व संकलन गर्ने अधिकार छैन। हामी यसबारे सम्बन्धित निकायलाई पत्राचार गर्दैछौं,'कोइरालाले भने।

उनका अनुसार सिमसार क्षेत्रमाथि आश्रित समुदायलाई परम्परागत सीपमा आधारित रोजगारीतर्फ उन्मुख गराउने, जैविक विविधता संरक्षण र पानीका मुहान जोगाउने काममा स्थानीय तहले सहकार्य गर्न सक्ने भए पनि ठेक्का लगाएर राजस्व संकलन गर्ने व्यवस्था छैन। यता, घोडाघोडी नगरपालिकाका प्रमुख खडक रावतले भने सम्बन्धित कार्यविधि 'घोडाघोडी पर्यटन विकास बोर्ड'ले निर्माण गरेको १० वर्षे गुरुयोजनाअनुसार तयार गरिएको दाबी गरेका छन्। उनका अनुसार कार्यपालिका बैठकले कार्यविधि पारित गरेपछि मात्र बोलपत्र आह्वान गरिएको हो।

तर स्थानीय र प्रदेश तहका निकायले भने सो गुरुयोजनालाई प्रदेश तथा संघीय सरकारबाट अनुमोदन नहुँदा कानुनी मान्यता नपाएको बताएका छन्। बोर्डले १० लाख रुपैयाँ खर्चेर तयार पारेको गुरुयोजना अनुमोदन प्रक्रियामा नबढाइएकै कारण अहिले प्रयोगविहीन बनेको छ।

विश्व रामसार सूचीमा रहेको घोडाघोडी ताल २ हजार ५ सय ६३ हेक्टर क्षेत्रमा फैलिएको छ। मुख्य घोडाघोडी ताल मात्र ३ सय ५२ हेक्टरको छ। चरा संरक्षण नेटवर्क कैलालीका अध्यक्ष दयाराम चौधरीका अनुसार यहाँ ३ सय ८२ प्रजातिका रैथाने तथा आगन्तुक चरा, ३२ प्रजातिका माछा, ३४ प्रजातिका स्तनधारी, ३२ प्रजातिका पुतली, ११ प्रजातिका घोंघी, ७ प्रजातिका सरीसृप, र ६ सय ४७ प्रजातिका वनस्पति भेटिन्छन्।

उनी भन्छन्, 'यो स्थानको जैविक विविधता अत्यन्त समृद्ध भए पनि सरकारी निकायहरूको कमजोरीले संरक्षण जोखिममा छ।'

सरोकारवाला निकायहरूका अनुसार घोडाघोडी राजमार्गको माथिल्लो क्षेत्रमा जिल्ला वन कार्यालयका तत्कालीन प्रमुख नवराज बराले हटाएको अतिक्रमण फेरि दोहोरिएको छ। स्थानीयले पुनः घरटहरा बनाइरहे पनि राज्य पक्षबाट प्रभावकारी कदम नचलाइएको आरोप छ।


## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

**प्रकाशित मिति: २०८२/०८/०३**

यस बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपाई तपसिलमा उल्लेखित ऋणीहरुले उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋणकर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणीहरु तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ।

**तपसिल**

**शाखा कार्यालय : बुटवल**

**१. ऋणीको नाम र ठेगाना**

श्री देबी बहादुर घर्तिको बुहारी श्री रुद्र लाल सुबेदी छोरी, श्री तुल बहादुर जि.सीको श्रीमती, रुपन्देही जिल्ला, पर्रोहा गा.वि.स वडा नं. ०९ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला, देवदह न.पा वडा नं. ०७ बस्ने श्रीमति **कल्पना जि.सी.सुबेदी** (ना.प्र.प.नं. ३७२०२७/४९५७४ जारी मिति २०६५/०६/३०, जि.प्र.का रुपन्देही)

**जमानीकर्ताको नाम र ठेगाना**

श्री टिकाराम घर्ति नाती, श्री देवी बहादुर घर्तिको छोरा ,श्रीमति कल्पना जि.सी सुबेदीको श्रीमान ,रुपन्देही जिल्ला, पर्रोहा गा.वि.स वडा नं.०९ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला, देबदह न.पा वडा नं. ०७ बस्ने श्री **तुल बहादुर जि.सी** (ना.प्र.नं. १९८९, जारी मिति २०५३/०८/०६, प्रथम प्रतिलिपि मिति २०६३/०७/२७, जि.प्र.का रुपन्देही)

**२. ऋणीको नाम र ठेगाना**

श्री कुल बहादुर गुरुङ्गको नाती, श्री सोम बहादुर गुरुङ्गको छोरा, श्रीमती तिल कुमारी गुरुङ्गको को श्रीमान, रुपन्देही जिल्ला, केरवानी गा.वि.स वडा नं. ०१स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला, देबदह न.पा वडा नं. ०१ बस्ने श्री **पुरन गुरुङ्ग** (ना.प्र.नं. ३७१००२/२७२४३ जारी मिति २०६६/११/०४, जि.प्र.का रुपन्देही)

**जमानीकर्ताको नाम र ठेगाना**

श्री सोम बहादुर गुरुङ्गको बुहारी, श्री खेम बहादुर गुरुङ्गको छोरी, श्री पुरन गुरुङ्ग को श्रीमती ,रुपन्देही जिल्ला, केरवानी गा.वि.स वडा नं. ०१स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला, देबदह न.पा वडा नं. ०१ बस्ने श्रीमति **तिल कुमारी गुरुङ्ग** (ना.प्र.नं. ३७ १००२ /३१०३५ जारी मिति २०६८/०४/२२, जि.प्र.का रुपन्देही)

**३. ऋणीको नाम र ठेगाना**

श्री चिन्का थारुको बुहारी, श्री बुधमान थारुको छोरी, श्री रमेश थारुको को श्रीमती, कपिलबस्तु जिल्ला, कपिलबस्तु न.पा वडा नं. १० स्थाई ठेगाना भई हाल कपिलबस्तु जिल्ला, कपिलबस्तु न.पा वडा नं. ०८ बस्ने श्रीमति **मान कुमारी थारु** (ना.प्र.नं. ३८-०१-७७-०३४८२ जारी मिति २०७७/०९/०२, जि.प्र.का कपिलबस्तु)

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१. श्री फाल्द थारुको नाती, श्री भिम बहादुर थारुको छोरा, श्रीमति उदासिया थारु को श्रीमान ,कपिलबस्तु जिल्ला, निग्लिहवा गा.वि.स वडा नं. ०८स्थाई ठेगाना भई हाल कपिलबस्तु जिल्ला, कपिलबस्तु न.पा वडा नं. ०८ बस्ने श्री **चिन्का थारु** (ना.प्र.प नं. ३८-०१-०६९-२७२२० जारी मिति २०६९/०९/०९, जि.प्र.का कपिलबस्तु)
२. श्री फाल्द थारुको बुहारी, श्री रकतारे थारुको छोरी, श्री चिन्का थारु को श्रीमती , कपिलबस्तु जिल्ला, कपिलबस्तु न.पा वडा नं. १० स्थाई ठेगाना भई हाल कपिलबस्तु जिल्ला, कपिलबस्तु न.पा वडा नं. ०८ बस्ने श्रीमति **उदासिया थारु** (ना.प्र. नं. ३८-०१-७५-०३१८९ जारी मिति २०७५/०४/२३, जि.प्र.का कपिलबस्तु)
३. श्री भिम बहादुर थारुको नाती, श्री चिन्का थारुको छोरा, श्रीमति मान कुमारी थारु को श्रीमान , कपिलबस्तु जिल्ला, कपिलबस्तु न.पा वडा नं. १० स्थाई ठेगाना भई हाल कपिलबस्तु जिल्ला, कपिलबस्तु न.पा वडा नं. ०८ बस्ने श्री **रमेश थारु** (ना.प्र. नं. ३८-०१-७५-०२४७० जारी मिति २०७५/०४/७, जि.प्र.का कपिलबस्तु)

**शाखा कार्यालय : कोल्हवी, बारा**

**४. ऋणीको नाम र ठेगाना**

**ऋणीको नाम : विजय ईट्टा उद्योग**
रजिष्टर्ड ठेगाना : लक्ष्मीनीया दो -१, रौतहट
रजिष्ट्रेशन नं. : ३०२३/४७ (नेपाल सरकार उद्योग वाणिज्य तथा तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग घरेलु तथा साना कार्यालय उद्योग ,गौर, रौतहट)
पान नं. : ३०३७९६६४४

**फर्मको प्रोप्राइटरको नाम र ठेगाना**

श्री भोला यादवको नाती, सुकदेव यादव को छोरा,रौतहट जिल्ला, लक्ष्मीनीया गा.वि.स. वडा नं. १ स्थाई ठेगाना भई, हाल रौतहट जिल्ला फतुवा विजयपुर न.पा. वडा नं. ८, बस्ने श्री **विजय कुमार अधिकारी** (ना.प्र.नं. १६४-३२७, जारी मिति, २०४६/०५/२२, जि.प्र.का. रौतहट)।

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१. श्री सुकदेव यादव को बुहारी, श्री राम विश्वास राय यादवको छोरी, श्री विजय कुमार अधिकारीको पत्नी, रौतहट जिल्ला लक्ष्मीनीया (दो) गा.वि.स. वडा नं. १ स्थाई ठेगाना भई, हाल रौतहट, जिल्ला फतुवा विजयपुर न.पा. वडा नं. ८, बस्ने **किरण कुमारी यादव** (ना.प्र.नं. ३२२०५५/३९०१, जारी मिति, २०७१/०२/२८, जि.प्र.का. रौतहट)
२. श्री सुकदेव यादव को नाती, श्री विजय कुमार अधिकारी को छोरा, रौतहट जिल्ला लक्ष्मीनीया (दो) गा.वि.स. वडा नं. १ स्थाई ठेगाना भई, हाल रौतहट जिल्ला फतुवा विजयपुर न.पा. वडा नं. ८, बस्ने **विवेक प्रसाद यादव** (ना.प्र.नं. ३२२०५५/३९००, जारी मिति, २०७१/०२/२८, जि.प्र.का. रौतहट)

Citizens Bank

**मुख्य कार्यालय:**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

THE BANKER
BANK OF THE YEAR 2024
NEPAL


## उदयपुरमा ट्याक्टर दुर्घटना हुँदा चालकको मृत्यु



**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, २ मंसिर

उदयपुरको कटारी नगरपालिका ५ खांडीखोपस्थित खेतमा ट्याक्टर दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ।

खेत जोत्ने मेसिन जडान गरी एक ठाउँमा लैजाने क्रममा ट्याक्टर दुर्घटना भएको हो।

दुर्घटनामा ट्याक्टर चालक कटारी नगरपालिका ५ सिसाघारी सानोअड्डा बस्ने अन्दाजी ४४ वर्षीय भक्त बहादुर जोशीको निधन भएको प्रहरीले जनाएको छ।


बागमती प्रदेश सरकार
स्वाथ्य मन्त्रालय
## स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र
हेटौडा, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति: २०८२/०८/०३**

यस केन्द्रबाट राष्ट्रिय पत्रिकामा आह्वान गरिएको तपशिल बमोजिमको बोलपत्र अन्तर्गत तपसिलको फर्म न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले बोलपत्र स्वीकृतीको लागि छनौट भएको हुदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) बमोजिम बोलपत्र स्वीकृत गर्न आशयको सुचना प्रकाशित गरिएको छ।

| S. N. | Contract Name/ Contract Number | Bidder's Name/ Address | Amount (Without VAT) |
|---|---|---|---|
| 1. | PROCUREMENT OF DENGUE AND SCRUB TYPHUS TEST KIT; IFB No. : HLMC/G/NCB-08/2082-83 | S R J Trading Concern, Kathmandu | Nrs. 1,950,000.00 |

निर्देशक



## Star Marble & Sanitary Pvt. Ltd.

Exim Code No:- 6096006270124NP
Address:- Head office :- Birgunj-10, Parsa
Branch office:- Basundhara, Kathmandu. Phone No: 01-4950198

| S.N. | Products | Size in MM | Brand | Model | Capacity | Origin | Units | Per Unit Rate | MRP |
|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tiles | 600 X 1200 (Normal Gloss) | Geogress, Skybiz, Elegence | Floor/Wall | 1.44 Sq Mtr Per box | India | Sq Mtr | 1050 | 1210 |
| 2. | Tiles | 600X 1200 (Carving) | Geogress, Skybiz, Elegence | Floor/Wall | 1.44 Sq Mtr Per box | India | Sq Mtr | 1135 | 1305 |
| 3 | Tiles | 600 X 600 | Geogress, Skybiz, Elegence | Floor/Wall | 1.44 Sq Mtr Per box | India | Sq Mtr | 930 | 1075 |
| 4 | Tiles | 400 X 400 (8 Mm) | Geogress, Skybiz, Elegence | Floor | 0.8 Sq Mtr Per box | India | Sq Mtr | 800 | 920 |
| 5 | Tiles | 400 X 400 (12 Mm) | Geogress, Skybiz, Elegence | Floor | 0.8 Sq Mtr Per box | India | Sq Mtr | 1065 | 1225 |
| 6 | Tiles | 300 X 450 (Bathroom Wall) | Geogress, Skybiz, Elegence | Wall | 0.81 Sq Mtr Per box | India | Sq Mtr | 655 | 755 |
| 7 | Tiles | 300 X 300 (Bathroom Floor) | Geogress, Skybiz, Elegence | Floor | 0.81 Sq Mtr Per box | India | Sq Mtr | 655 | 755 |



**CYPRUS मा महिला/पुरुषहरुलाई रोजगार** Company : Throcon Services Ltd.
पुन विज्ञापन , पूर्व स्वीकृती मिति: २०८१/०१/१० चलानी नं. ६०२१८४७३ LT No. : 303532

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब Euro | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Chambermaid | 0 | 1 | [illegible] | 750 | १,२३,२७५।- | कम्पनी नियम अनुसार | [illegible] | [illegible] | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |
| २. | Cooks | 5 | 0 | | 1012 | १,६६,३८०।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | १०,०००/- |

**अन्तरवार्ता २०८२ मंसिरर १० गते (26 Nov., 2025) यस प्रा. लि. को कार्यालय सामाखुसीमा हुनेछ।**

**White Pearl Light Manpower Services Pvt. Ltd.**
Lic. No. 1125/073/74
Samakhushi, Townplaning, Kathmandu, Tel: 01-4982823, 4965003
9808572048, 9808098965 Email : whitepearlmanpower@gmail.com

**Saudi मा रोजगार** Trans Line Logistics Company
पूर्व स्वीकृती मिति: २०८२/८/२ चलानी नं. ६०२४७५५९ LT No.: 333845

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR. | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Heavy Truck Driver | 3 | कामामा दक्ष | 1800 | ६८,०००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | नि:शुल्क |

**अन्तरवार्ता २०८२ मंसिर १० गते (26 Nov., 2025) यस प्रा. लि. को कार्यालय लाजिम्पाट काठमाडौंमा हुनेछ।**

**कसमस नेपाल ह्यूम्यान रिसोर्स प्रा. लि.**
श्रम ईजाजत नं. ८३३/०६८/०६५
लाजिम्पाट-२, काठमाडौं, नेपाल, फोन नं. : 01-4445794, 4445793, 9802099983, 9802099984
9801199984, 9865728265, 9803269111 Email: info@cosmosnepalhr.com

**यूएईमा रोजगार** कम्पनी : SHARJAH TAXI LLC शहर : SHARJAH
पूर्व स्वीकृत मिति: २०८२/०४/२१ चलानी नं.: ६०२४२५९६ L.T. No.:328673 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver (TAXI) | 81 | 0 | स. काममा दक्ष | 1600 | ६१,६४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता शाखा कार्यालय इटहरीमा २०८२ मंसिर १० गते (26 November 2025) मा हुनेछ।**
**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर ११ गते (27 November 2025) मा हुनेछ।**
**अन्तर्वार्ता ग्राण्ड पासिफिक होटल विर्तामोडमा २०८२ मंसिर १२ गते (28 November 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

WPHRC
श्रम इजाजत नं.: १५३२/०७८/०७९
**Ktm White Pearl H.R. Consultancy Pvt. Ltd.**
Nikhileshwar Mahadev, Budhanilkantha-08, Kathmandu, Tel : 01-5909824, 9709813664, 9813648113, 9805616502
E-mail : whitepearlhrc@gmail.com Web : www.whitepearlhr.com

**मलेसियामा रोजगार** कम्पनी : MYGIFT UNIVERSAL SDN BHD शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/०८/०२ चलानी नं.: ६०२४७५२९ LT. No.:333868

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | WAREHOUSE WORKERS | 7 | 0 | स. काममा दक्ष | 1700 | ५७,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर १० गते (26 November 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**काबेली ह्युमन रिसोर्स प्रा. लि.**
Govt. Lic No.: 807/065/066
पिंगलास्थान-९, गौशाला, काठमाडौं, नेपाल, फोन: ४११३६०७,९८०१०७७१५२ फ्याक्स: ४११३६०७

**यूएईमा रोजगार** कम्पनी: INTEGRATED PARKING SERVICES LLC शहर: UAE,AL RIGGA
पूर्व स्वीकृत मिति: २०८२/०५/०४ चलानी नं.: ६०२४३७११ LT. No.: 329697 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ticket Controller / Attendant Ticketing (Male Only) | 150 | 0 | स. काममा दक्ष | 1500 | ५७,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता बाजेको सेकुवा कास्की, पोखरामा २०८२ मंसिर १० गते (26 November 2025) मा हुनेछ।**
**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर ११ गते (27 November 2025) मा हुनेछ।**
**अन्तर्वार्ता सुनसरी मल्टिपल ट्रेनिङ सेन्टर सुनसरी, इटहरीमा २०८२ मंसिर १२ गते (28 November 2025) मा हुनेछ।**
**अन्तर्वार्ता सिपी होटल झापा, विर्तामोडमा २०८२ मंसिर १३ गते (29 November 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**OPUS MANPOWER PVT. LTD.**
श्रम ई. पत्र नं. ९४८/०६७/०६८
Samakhusi-26, Kathmandu , Landline No : 01-4957256,
Mob:9851100368, 9812569634 E-mail: info@opusmanpower.com

**साउदीमा रोजगार** कम्पनी : JADA ALGHETHA FOOD MEAL SERVICE COMPANY शहर : RIYADH
पूर्व स्वीकृत मिति: २०८२/०८/०२ चलानी नं.: ६०२४७५२३ LT.NO.:333849

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 9 | 0 | स. काममा दक्ष | 1000 | ३७,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर १० गते (26 November 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**मेमोरियल ओभरसिज सर्भिसेज प्रा. लि.**
श्रम इजाजत नं. १५६/०५६/०५७
टोखा-१०,सामाखुशी, काठमाडौं, नेपाल, फोन: ४९५८७८६, ४९८५३७३

**मलेसियामा रोजगार** कम्पनी: KURNIAWAN SECURITY SERVICES SDN.BHD शहर: JALAN
पूर्व स्वीकृत मिति: २०८२/०१/२२ चलानी नं.: ६०२३७०६१ LT. No.: 322910 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 30 | 0 | स. काममा दक्ष | 1700 | ५७,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर १० गते (26 November 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

